वर्ष : १६, अंक : २९, काठमाडौं, २०७७ कार्तिक २१ गते शुक्रबार, 6 November 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।– (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## नरवणेलाई मानार्थ महारथी दर्जा प्रदान



काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीले भारतीय सेना प्रमुख जनरल मनोज मुकुन्द नरवणेलाई नेपाली सेनाको मानार्थ महारथी पदबाट सम्मान गरेकी छन् । राष्ट्रपतिको कार्यलय शीतल निवासमा आयोजित एक विशेष समारोहका बीच उनलाई उक्त दर्जा प्रदान गरिएको हो । सो समारोहमा जनरल नरवणेलाई खड्ग तथा सनद-पत्र पनि प्रदान गरिएको थियो । समारोहमा प्रधानमन्त्री केपी शर्मा ओली, नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्रा र दुवै देशका वरिष्ठ अधिकारीहरु सहभागी थिए । विगत सात दशकदेखि दुवै देशका सेनाबीच एक अर्काको सेना प्रमुखलाई मानार्थ महारथी दर्जा प्रदान गर्ने परम्परा रही आएकोमा सेनाध्यक्ष नरवणेलाई सो सम्मान प्रदान गरिएको हो । उक्त दर्जाबाट सम्मानित पहिलो भारतीय सेना प्रमुख सेनापति जनरल के एम करिअप्पा हुन् । उनलाई सन् १९५० मा उक्त सम्मान प्रदान गरिएको थियो । गत जनवरीमा भारतका राष्ट्रपति रामनाथ कोविन्दले नयाँ दिल्लीमा आयोजित एक समारोहमा नेपाली सेनाका प्रधान सेनापति पूर्णचन्द्र थापालाई भारतीय सेनाको मानार्थ महारथी पद प्रदान गरेका थिए । सो समारोह पश्चात् जनरल नरवणेले राष्ट्रपति भण्डारीसँग भेटवार्ता गरेका छन् । उक्त भेटवार्तामा राजदूत क्वात्राको पनि उपस्थिति थियो । राष्ट्रपतिसँगको भेटका क्रममा जनरल नरवणेले आफूलाई दिइएको उक्त सम्मान प्रति विशेष आभार प्रकट गर्नुका साथै द्विपक्षीय सहकार्यलाई अझ सुदृढ बनाउने उपायहरुबारे छलफल गरेका थिए ।

## 'प्रतिगमनतर्फ लैजाने षड्यन्त्र'

काठमाडौं । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले जनताले अब फेरि अर्को प्रतिगमनका विरुद्ध पनि सङ्घर्ष गर्नु पर्ने बताएका छन् । अब उपरान्त 'संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल' नलेख्न सरकारले दिएको निर्देशनविरुद्ध जसपा अध्यक्ष यादवले एक विज्ञप्ति जारी गरी जनतालाई यसको स्पष्ट जवाफ नेपाल कम्युनिष्ट पार्टीले दिनुपर्ने बताएका छन् । ***बाँकी अन्तिम पृष्ठमा***

## भारतीय सेनाध्यक्षको भ्रमण

# काठमाडौं र दिल्लीको चासो सम्बोधन गर्ने अवसर

**मधेशवाणी डेस्क**

काठमाडौं । भारतका स्थल सेनाका प्रमुख मनोजमुकुन्द नरवणे अहिले औपचारिक भ्रमणका क्रममा काठमाडौंमा छन् । बुधबार काठमाडौं उत्रेका उनी अन्तिम दिन प्रधानमन्त्री केपी ओलीसँग भेट गरी स्वदेश फर्कने छन् । नेपाली सेनाका प्रधानसेनापति पूर्णचन्द्र थापाको औपचारिक निम्तोमा उनी नेपाल आएका हुन् ।

भारतीय सेनापतिको भ्रमणदलमा नरवणेकी श्रीमतीसहित चार सदस्य छन् । नेपाल र भारतबीच एकअर्को देशका सेनाप्रमुखलाई मानार्थ प्रधानसेनापतिको दर्जाबाट सम्मान गर्ने परम्परा रहँदै आएकोमा भ्रमणका क्रममा उनले राष्ट्रपति विद्यादेवी भण्डारीले बिहीबार नै नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्रदान गरिएको छ ।

यसअघि प्रधानसेनापति थापाले २०७५ पुस २९ मा नयाँदिल्लीमा भारतका राष्ट्रपति रामनाथ कोविन्दबाट भारतीय स्थल सेनाको मानार्थ प्रधानसेनापतिको दर्जा ग्रहण गरेका थिए । यस्तो कार्यक्रम विगतमा सामान्य औपचारिकतामा सीमित रहने गरिए पनि केही महिनादेखि नेपाल-भारत सीमालाई लिएर कायम विवाद र नरवणे आफैंले दिएको नेपालसम्बन्धी विवादास्पद अभिव्यक्तिका कारण उनको भ्रमणलाई काठमाडौं र दिल्लीमा विशेष चासोका साथ हेरिएको छ । बितेको एक वर्षदेखि सीमा विवादका कारण दुई देशको राजनीतिक नेतृत्वबीच हार्दिक सम्बन्ध बन्न नसकिरहेको पृष्ठभूमिमा नरवणेको भ्रमणबाट नाकाबन्दी अन्त्य गर्न प्रयोग भएको सैन्य कूटनीति पुनः एकपटक प्रयोग हुने अपेक्षाले पनि यो भ्रमणलाई विशेष चासोका साथ हेरिएको छ ।



नक्सा विवादका कारण केही महिनादेखि काठमाडौं र नयाँदिल्लीबीच राजनीतिक तहमा औपचारिक सम्बन्ध सुरु हुन नसकिरहेका बेला नरवणेको भ्रमणलाई अर्थपूर्ण मानिएको छ । यो भ्रमणले राजनीतिक तहको सम्बन्धलाई अगाडि बढाउन सहयोग मिल्ने अपेक्षा पनि गरिएको छ । विशेषगरी शुक्रबार हुने प्रधानमन्त्री ओलीसँगको भेटवार्तालाई दिल्ली र काठमाडौं दुवैले चासो दिएका छन् ।

दिल्ली र काठमाडौंबीच कायम संवादहीनतालाई नरवणेको भ्रमणले सैन्य कूटनीतिमार्फत तोड्ने अपेक्षा गरिएकाले पनि बढी महत्त्व राखेको विश्लेषकहरूको बुझाइ छ ।

यहि वर्ष वैशाखमा भारतले चीनको मानसरोवर जोड्ने पिथौरागढ-लिपुलेक सडकखण्डको सुरु गरेपछि दुई देशबीचको सम्बन्ध तिक्ततापूर्ण रहँदै आएको छ । भारतले उक्त सडक नेपाली भूमिमा निर्माण गरेको भन्दै नेपालले औपचारिक रूपमै विरोध जनाएको थियो ।

यता नेपालले ऐतिहासिक प्रमाणलाई आधार बनाएर लिम्पियाधुरासम्मको भूमि समेटेर नयाँ राजनीतिक नक्सा सार्वजनिक गर्‍यो । नेपालले त्यही नक्साका आधारमा संविधानसमेत संशोधन गर्‍यो । त्यसबाट थप आक्रोशित बनेको भारतले सीमा विवाद छलफलका लागि नेपालले नै वातावरण बनाउनुपर्ने बताउँदै आएको छ । जसले गर्दा राजनीतिक तहमा औपचारिक संवाद हुन सकेको छैन । यहि सेरोफेरोमा भारतीय सेनाध्यक्षको भ्रमण भएको हो ।

विश्लेषकहरुले यहि पृष्ठभूमिमा नरवणेको चारदिने भ्रमण मूलतः परम्पराको निरन्तरता भए पनि यसले दुई देशबीच राजनीतिक संवाद बढाउन सहज वातावरण निर्माणमा सघाउने अपेक्षा गरेका छन् ।

यता, भारतीय सेनापति नरवणेले पनि आफ्नो भ्रमणले दुई देशबीचको सैन्य सम्बन्ध थप सुदृढ हुने बताएका छन् । भ्रमणको पूर्वसन्ध्यामा उनले एक भिडियो सन्देश जारी गर्दै भ्रमणबाट दुई देशका सेनाबीचको मित्रता र आपसी सम्बन्ध थप सुदृढ हुने उल्लेख गरेका छन् ।

यसअघि काठमाडौंस्थित भारतीय दूतावासले पनि सेना प्रमुखको नेपाल भ्रमणले दुई देशका सेनाबीचको परम्परात सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरेको छ । दूतावासका प्रवक्ता नवीन कुमारले भनेका छन्, 'जनरल नरवणेको प्रमुखले दुई देशका सेनाबीचको लामो र परम्परागत मित्रवत् सम्बन्धलाई थप सुदृढ बनाउनेछ ।' भ्रमणले दुई पक्षीय रक्षा साझेदारीका विषयमा छलफल गर्न अवसर प्रदान गर्ने र आपसी हितका लागि त्यसलाई सुदृढ बनाउन नयाँ अवसरहरूको ढोका खोल्ने विश्वाससमेत उनको भनाइ छ ।

भारतीय सेनापतिको भ्रमणको विषयमा जति चासो नेपालमा छ त्यति नै भारतमा पनि रहेको पाइएको छ । भारतीय सञ्चारमाध्यमहरूले पनि नरवणेको भ्रमणले सीमा विवाद छलफलका लागि विदेशस्तरीय बैठकका लागि अनुकूल वातावरण निर्माण गर्ने चर्चा गरेका छन् । द *हिन्दुस्तान टाइम्स*ले लामो समयदेखि रोकिएको विदेश सचिवस्तरीय बैठक अघि बढाउन नरवणेले काठमाडौंमा रहँदा प्रधानमन्त्री ओलीसँग गर्ने भेट र भेटवार्ता अपेक्षा गरेजस्तो भए भारतले विदेश सचिवस्तरीय वार्ता र सीमासम्बन्धी प्राविधिक समितिको बैठकका लागि सहमति जनाउने लेखेको छ । यस्तै अर्को भारतीय दैनिक *टाइम्स अफ इन्डिया*ले पनि सीमासम्बन्धी प्राविधिक समितिको बैठक नरवणेको भ्रमणको नतिजामा निर्भर रहने उल्लेख गरेको छ ।

## संघीय सरकारविरुद्ध प्रदेश २ सरकार सर्वोच्चमा

काठमाडौं । संघीय सरकारले क्षेत्राधिकार मिचेको भन्दै सर्वोच्च अदालतमा एकै दिन दुई वटा रिट दायर भएको छ । प्रदेश २ सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्रीकातर्फबाट बिहीबार २ वटा रिट दायर भएको हो । संघ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन ०७७ मा भएको केही व्यवस्था र प्रहरी प्रधान कार्यालयले प्रहरी जवानको लागि भर्ना खोलेपछि सोविरुद्ध प्रदेश सरकार सर्वोच्च पुगेको हो । रिटमा संघ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन ०७७ मा कसूर र सजायको निर्धारण संघीय कानुन बमोजिम हुने व्यवस्था गरिएको छ । जुन व्यवस्था नेपालको संविधानको धारा १९७ अनुसूची ६ अन्तर्गत प्रदेश सरकारलाई दिइएको विशेष अधिकारअनुकूल नभएको जिकिर गरिएको छ । संघले दण्ड जरिवाना तोक्दा प्रदेशको कानुन बनाउने अधिकार संघको कानुनले अतिक्रमण गर्ने भन्दै प्रदेशको अधिकारक्षेत्र संकुचन गर्ने सो व्यवस्था बदर गर्न माग गरिएको छ । रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय संसदको सचिवालय, कानुन, न्याय तथा ***बाँकी अन्तिम पृष्ठमा***

### समय–सन्दर्भ

## भारतसँग वार्ताको द्वार खुल्दैछ

**० भारतका सेनाध्यक्ष मनोज मुकुन्द नरवाणेको भ्रमण कति फलदायी हुने विश्वास गर्नु भएको छ ?**

– भारतका सेनाध्यक्षको यो नियमित भ्रमण हो । भारतका सेनाध्यक्ष लगायत अन्य पदाधिकारीहरु नेपाल भ्रमणमा आउने, नेपालका सेनापतिदेखि लिएर अन्य पदाधिकारी भारत भ्रमण गरिरहने र सोही क्रममा नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिन्ह प्रदान गरी सम्मान गर्ने परम्परा रहँदै आएको छ । त्यस्तै हाम्रा सेनापतिलाई पनि भारतका राष्ट्रपतिले सम्मान गर्ने चलन रहेको छ । त्यसैले यो एउटा नियमित प्रक्रिया हो ।

**० यसअघि पनि भारतको गुप्तचर संस्था रअका प्रमुखले नेपाल भ्रमण गरेका थिए, अहिले सेनाध्यक्षको भ्रमण भएको छ । यी भ्रमणहरुले नेपाल-भारत सम्बन्धमा रहेको चिसोपनलाई हटाउँछ त ?**

– रअका प्रमुख सामन्त कुमार गोयलको भ्रमण पनि एउटा नियमित प्रक्रियाअन्तर्गत नै थियो । उनलाई विशेष आग्रहमा बोलाइएको थिएन । भारत र नेपालबीच अभिन्न सम्बन्ध छ । नेपाल र भारतको जस्तो विश्वका अन्य कुनै पनि दुई देशबीच यस्तो विशेष सम्बन्ध छैन । विगतमा दुई देशबीच केही भ्रम सिर्जना भएको हो । छिमेकी राष्ट्रहरुबीच सीमाको



**मोतिलाल दुगड**

**राज्यमन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति**

विषयमा विवादहरु आइरहनु स्वाभाविक नै हो । लिपुलेक, लिम्पियाधुरा र कालापानीको विषयमा नेपालको अडान जायज छ । यो विषयलाई दुवै देशको सहमतिमा समाधान गर्ने कुरा भइरहेको छ । यसमा भारतले पनि सहयोग गर्ने आश्वासन दिएको छ । रअका प्रमुख गोयलसँग पनि यो विषयमा कुरा हुँदा वार्ताबाट यो विषयलाई समाधान गर्ने प्रधानमन्त्रीसँग कुराकानी भएको हामीले बुझेका छौं । विगत एक वर्षदेखि वार्ताको जुन क्रम टुटेको ***बाँकी पृष्ठ २ मा***



## सम्पादकीय

# सम्बन्ध सुधारको उच्चतम् मार्ग

भारतीय सेनाप्रमुख मनोज मुकुन्द नरवणे तीनदिने नेपाल भ्रमणका क्रममा अहिले काठमाडौंमा छन् । नेपाल र भारतबीच पछिल्लो चरणमा उत्पन्न सीमा विवादपछि उच्चतहका पहिलो औपचारिक भ्रमण पनि हो यो । सीमा विवादको आरम्भ भारतीय सेनाको राजनीतिक र सैनिक नेतृत्वबाट भयो भने समाधानको पहल पनि उही नेतृत्वबाट हुँदै गरेको देखिँदै छ ।

दुई देशबीच सीमा विवाद पछि चिसिएको र फेरि संवादको शृङ्खला आरम्भ भएपछिको वातावरणमा भारतीय सेनाप्रमुखको भ्रमणका सन्देशहरू सकारात्मक हुन सक्छन् । यो बेलामा सेनाप्रमुखको नेपाल भ्रमण दुई सैनिक संगठनबीचको परम्परागत मित्रतापूर्ण सम्बन्धको निरन्तरतामात्रै नभई द्विपक्षीय सम्बन्धको आगामी विकाससमेत यो भ्रमणमार्फत उजागर हुने देखिन्छ ।

भारतीय सेना प्रमुखको भ्रमणको वस्तुतः दुई आयाम छन् । पहिलो, सैन्य सहयोगमा केन्द्रित र दोस्रो, त्योमार्फत द्विपक्षीय सम्बन्धमा केन्द्रित । यो भ्रमणपछि नेपाल र भारतबीचका सीमालगायतका समस्यामा औपचारिक वार्ताका थालनी हुने विश्वास गरिन्छ ।

नरवाणे सेनाप्रमुख भएपछि उनको यो पहिलो नेपाल भ्रमण हो । सामान्यतया: भारतीय सेनाप्रमुखले नेतृत्व समालेको केही महिनामै

**दक्षिण एसियामा आफ्नो सामरिक प्रभाव बढाउनका लागि नेपाली सेनाको साथ र उससागको सहकार्य महत्वपूर्ण हुने विश्लेषण दुई छिमेकी मात्र होइन, अमेरिकालगायतका अरु शक्तिराष्ट्रले पनि गरेका छन् ।**

नेपाल भ्रमणमा आउने र मानार्थ महारथीको उपाधि ग्रहण गर्ने परम्परा रहँदै आएको छ ।

नेपाल-भारत सम्बन्धको एउटा कडी सैन्य साइनो पनि हो । भारतको विदेश सम्बन्ध तथा सामरिक मामिलामा सैनिक नेतृत्वको भूमिका महत्वपूर्ण रहन्छ । सेनापतिको फिडब्याकले सुरक्षा मामिलामा मात्र होइन, त्यहाँको राजनीतिक नजर र नीतिमा प्रभाव पार्नसक्ने अनुमान गरिएको छ । काठमाडौं यात्रा र यहाँ हुने भेटवार्ताका आधारमा सेनापतिले दिल्लीको संस्थापनलाई दिने फिडब्याकले नेपाल भारत सम्वादको आगामी यात्रा निर्देशित हुनसक्छ ।

दक्षिण एसियामा आफ्नो सामरिक प्रभाव बढाउनका लागि नेपाली सेनाको साथ र उससँगको सहकार्य महत्वपूर्ण हुने विश्लेषण दुई छिमेकी मात्र होइन, अमेरिकालगायतका अरु शक्तिराष्ट्रले पनि गरेका छन् । पहिले दरबारमार्फत आफ्नो सुरक्षा चासो सम्बोधन हुन्थ्यो, त्यसैले सेनासँग खासै प्रत्यक्ष सम्बन्ध तथा आदान प्रदान त्यति बाक्लो थिएन । तर राजनीतिक परिवर्तनपछि सरकारको अस्थिरताका कारण आफ्नो सुरक्षा चासो सम्बोधनका लागि सेना नै स्थिर र भरपर्दो शक्ति भएको विश्लेषण गर्दै सेनासँग सहकार्यमा उनीहरूको विशेष जोड देखिन्छ ।

यता भ्रमणको पूर्व सन्ध्यामा कतिपय जिम्मेवार तथा स्थापित व्यक्तित्वबाट समेत भारतीय सेना प्रमुख नरवाणेको नकारात्मक टिप्पणीका कारण उनको आसन्न भ्रमण असान्दर्भिक, असामयिक तथा अनावश्यक भन्ने जस्तो अभिव्यक्ति आउने गरेको पाइन्छ । यो अति-राष्ट्रवादी सोचको उपज हो ।

ठूलो र शक्तिशाली देशको संधियार राष्ट्र हुन सजिलो हुँदैन र छैन । तर, छिमेकी फेर्न सकिँदैन त्यसैले ठूलो र शक्तिशाली राष्ट्रसँग मिलेर बस्न सिक्नु नै साना राष्ट्रको बाध्यता हो भने साना राष्ट्रले आफू बच्ने रणनीति अख्तियार गर्न सक्नु नै उसको उत्तम बाँच्ने उपाय पनि हो । नेपालले पनि भारत र चीनसँग मिलेर बस्नुको विकल्प छैन र केही थिचोमिचो सहनु नेपालको नियति नै हो तर पनि व्यावहारिक तथा परिपक्व कूटनीतिको विकास र अभ्यासद्वारा यस्ता थिचोमिचो न्यूनीकरण गर्न सकिन्छ । यही नै नेपालको वृहत्तर हित रक्षाको मूल अस्त्र हो । यसका लागि राष्ट्रिय सुरक्षा नीति र यसको दायराभित्र रहेर राज्य व्यवस्था सञ्चालन गर्नुपर्छ ।

आफ्नो भू-राजनीतिक अवस्थितिका कारण नेपाललाई आफ्नो धरातलीय वास्तविकता भुल्ने सुविधा पनि छैन । जबसम्म आफूलाई चाहिने न्यूनतम् आवश्यकता पूरा गर्ने क्षमता विकास गर्न सकिँदैन र चीनलाई व्यावहारिक विकल्पका रूपमा स्थापित गर्न सकिँदैन तबसम्म भारतमाथि हाम्रो परनिर्भरता निकै हदसम्म रही नै रहन्छ र यो नेपालको बाध्यता हो ।

# गरीब अर्थतन्त्रका धनाढ्य शासकहरू

**विचार - विश्लेषण** भाग–७१


उपेन्द्र झा

**देश दुर्दशा भोगिरहेको अवस्थामा नेता कहलाउनेहरु करोडौंदेखि अर्ब खर्बको स्वामी भएर राजनीति गर्दैछन् । ८-१० करोड खर्च गरेर साँसद पदलाई आरक्षित गर्ने नेताहरुको संख्या अब हजारौंमा पुगेको छ । यी धनकुबेरहरुको हातबाट राजनीति अब जनताको हातमा जाने अवस्था रहेन ।**

वैश्विक प्रतिस्पर्धाको श्रृँखलामा जोडिएको अर्थतन्त्रगतिशील रहेको बुझिन्छ र त्यस्तो देशलाई अव्वल प्रतिस्पर्धामा आयो भने विकासशील देशको रुपमा पहिचान हुन्छ । कडा प्रतिस्पर्धामा रहेको तर नेतृत्वदायी भूमिकामा आउन नसकेको देशलाई विकासोन्मुख देशको गणनामा ल्याउन सकिन्छ । तर विश्व अर्थतन्त्रको श्रृँखलामा जोडिए पनि शासन प्रणालीको नियन्त्रणभन्दा बाहिर अर्थात् अराजक अवस्थाको अर्थतन्त्र भएको देशलाई अविकसित, गरीब मुलुकको रुपमा चित्रण गरिएको पाइन्छ ।

नेपालको अर्थतन्त्र अराजक, बेसहारा, गरिब तथा डुलुवा प्रवृतिको छ । पायो भने मस्त रमाउने, देशको लागि राम्रो नतिजादिएर शासकहरुलाई गौरवशाली देखाउने, नपाएको अवस्थामा भोकभोकै शासकलाई याचकको रुपमा देखाउने, अर्थतन्त्र भएको देशलाई अविकसित देश भनिन्छ । तर अर्थतन्त्रले जे नतिजा दिए पनि यहाँका शासकहरु आफूलाई विकासोन्मुख देशको नागरिक भन्न रुचाउँछन्, ।

नेपाल सर्वोच्च शिखर सगरमाथाको देश भएकोले विश्व मानचित्रमा आकर्षणको केन्द्र रहि आएको छ । नेपालको अनुपम प्राकृतिक सम्पदा, सृष्टिको साक्ष्य प्रमाण रहेकोले विश्वका पर्यटक यहाँका लागि आकर्षित हुन्छन् । गरिब मुलुकको अवस्थाले नेपाल विश्व सहयोगको केन्द्र विन्दु बनेको छ । विश्व सहयोगको अपार धनराशीले यहाँका परम्परावादी सामन्ती शासकहरु जसले अर्थतन्त्रलाई आफ्नो हितमा प्रयोग गर्थे, निकम्मा, दरिद्र मानसिकतावाला बनायो । देशमा उद्योगधन्दाहरु खुले, विकासका लागि होइन, विकासको नाममा लुट्नका लागि उद्योगधन्दाहरु राखियो ।

लुटतन्त्रको विरुद्ध शोषणरहित समाजको सृजना गर्ने प्रजातान्तिक समाजवादका तथा साम्यवादका दार्शनिकहरुको आदर्शलाई स्थापित गर्न जनताले अनेकौं लडाई लडेर स्थापित गरे । शोषक सामन्तको चंगुलबाट देशलाई आजाद गरेर उदार अर्थतन्त्रको माध्यमबाट देशमा लोकतान्त्रिक समाजवाद ल्याउने सपनाअनुरुप सरकार अगाडि बढ्यो । तर दरिद्र मानसिकतामा रहेको राज्यसत्ताको चरित्रलाई यी नवागन्तुक सरकारले बदल्न चाहेन वा सकेन । परिणाम स्वरुप नव नेपाल निर्माण गर्ने सपना लिएर आउने परिवर्तनकारी शक्तिहरु राज्यसत्ता अगाडि आफै रुपान्तरित भएर लुटतन्त्रमा रमाए ।

चरम सीमासम्म भ्रष्टाचार भएपछि देशमा अराजक स्थिति आयो । पारस्परिक भागबण्डा नमिलेपछि एक अर्कालाई अख्तियार लगाउने प्रतिस्पर्धामा धेरै नेताहरु परे । धेरै नेताहरु जेल गए । दागी भएर राजनीतिक क्षेत्रबाट सन्यास लिएर घरमा बस्ने नेताहरुबाट पनि शिक्षा नलिएर भ्रष्टाचार गर्नेहरु थामिएन । भ्रष्टाचारको वेगवान अवस्थामा किञ्चित पनि कमी आएन । दार्शनिक शासकहरु व्यवहारमा भ्रष्टाचारलाई प्रश्रय र सैद्धान्तिक रुपमा सुशासनको वकालत समानान्तर किसिमले गरि नै रहे । ०४६ पूर्वको शासनमा भएको भ्रष्टाचार सयकडौं गुणाले बढ्यो । हुनत पंचायती शासनमा वैदेशिक सहयोगको राशी आजभन्दा कमै थियो । पंचायत व्यवस्थाकालमा भ्रष्टाचारको शिलान्यास भए पनि आज जस्तो खुल्लमखुल्ला भ्रष्टाचार गर्न सबै डराउँथे । राज्यसत्ताले जन्माएको भ्रष्टाचारको बटवृक्ष झाँगिदै विशाल तथा शक्तिशाली अवस्थामा पुगेको छ । अब व्यक्तिभन्दा संस्थागत भ्रष्टाचारको विकास भएकोले यसलाई नियन्त्रण गर्न सजिलो छैन ।

जो आए राज्यसत्ता अगाडि आत्मसमर्पण नै गरे । दुईतिहाईको नजिक रहेको केपी शर्मा ओलीको सरकारले शुरुवातमा भ्रष्टाचार उन्मूलन गर्ने प्रयासमा लागे पनि सकेन र उनले पनि राज्यसत्ता समक्ष आत्मसमर्पण गरि यथास्थितिलाई कबुल गऱ्यो । त्यसपछिका दिनमा आफ्नो प्रभावका मानिसले भ्रष्टाचार गर्दा प्रधानमन्त्री ओलीले बचाव पक्षका वकील जस्तै बकालतमा लागे ।

भ्रष्टाचार गर्ने एक मात्र एजेण्डा बोकेको राज्यसत्ताको परम्परागत चरित्रलाई यी नवागन्तुक परिवर्तनकारी शक्तिहरुले पनि बदल्न सकेन । यसरी नव नेपाल निर्माणको सपना अधुरा छोडि पार्टीहरु धन लाभ गर्ने कुराबाट प्रेरित भए । यसरी देशको धरातलमा देखिएका समस्याहरु ज्यूँकात्यूँ रह्यो र देश फेरि अराजक स्थितिमा देखापऱ्यो । उद्योगधन्दा धराशायी भयो । आर्थिक अवस्था झन्-झन् विकराल हुँदै गएको हो । भगवान भरोसे चलेको नेपालको अर्थतन्त्र कहिल्यै पनि सिस्टमसँग जोडेर अगाडि लगिएन । अर्थतन्त्रलाई गतिशील बनाउने कसैको प्रयास रहेन । विकासको नाममा आएका वैदेशिक सहयोगलाई पनि लक्षित योजनामा ईमान्दारीपूर्वक लगानी हुन दिएन । योजना धेरै खडा गरियो तर त्यसलाई परिणामसम्म जान दिइएन । मानिसहरु धनी बने, देशले केचुली फेर्न सकेन । देशलाई गरिब राखेर नै वैदेशिक सहयोग प्राप्त गर्न सकिन्छ भन्ने सिद्धान्तको रुपमा राज्यसत्ताले सबैलाई सिकायो । सरकारमा आउने जोसुकैले यही सिद्धान्तको परिधीभित्र रहेर शासन चलाए । देश र जनता सधैं दुखी नै रह्यो ।

अवसर नपाएर देशका युवाहरु विदेश पलायन हुँदा आउने विप्रेषणले अर्थतन्त्रको ग्राफलाई उठायो । शासकवर्ग तथा सल्लाहकार अर्थविद्हरु सबैले आफ्नो क्षमता प्रदर्शन गर्न अनेक तर्कहरु दिएर प्रस्तुत भए । तर पनि देशको परनिर्भरता, आयातको अनुपात, व्यापार घाटा कम नहुँदा न विज्ञहरुको आफ्नो तर्क काम लाग्यो न आयातित आर्थिक सिद्धान्त नै । खर्बौंमा आएको रेमिट्यान्सलाई उत्पादन क्षेत्रमा प्रयोग गरि आत्मनिर्भरको दिशामा एक कदम पनि बढ्न नसक्नुले अर्थविद्हरुको बुद्धि के काम लाग्यो ? यस क्षेत्रमा पनि सरकार असक्षम रहेको छ । यति शक्तिशाली सरकारले किन राज्यसत्तालाई नियन्त्रणमा लिएर सुशासन, भ्रष्टाचारमुक्त राज्य संयन्त्र बनाउन सकिरहेको छैन ? शक्ति प्राप्त गरेर पनि सरकार किन राज्यसत्ता अगाडि आत्मसमर्पण गरेको छ ?

विरासतमा पाएको राज्यसत्ता जुनसुकै सरकारको लागि आस्थाको केन्द्र भएकोले यसको मूल स्वरुपलाई भत्काएर लिइने सुशासन कुनै पनि सरकारको लागि मान्य नभएकोले देश विषम परिस्थितिमा जहिले पनि रह्यो । उत्कृष्ट शासनका लागि ठूला ठूला आन्दोलन भए पनि असलमा त्यो राज्यसत्तामा सहभागी हुने आन्दोलन थियो, परिवर्तनका लागि थिएन । पुराना कमेज फलेर नयाँ कमेज लाउनु पनि परिवर्तन हो । ठीक यही बमोजिम नेपालको परिवर्तनलाई परिभाषित गरिएको छ । जनतालाई अधिकार दिनकुनै कन्जुस्याईं नगरेको उदार शासकहरुको दावा रहेपनि देशमा बढ्दो व्यापारघाटा, आयातको डरलाग्दो अवस्था, रुग्न अर्थतन्त्र र भोका नाङ्गा जनतालाई लुकाउने कुनै ठाउँ नरहेकोले सरकार नाङ्गिएको रत्तिभर लज्जाबोध छैन । परिवर्तनले देशको उन्नती प्रगतिको नतिजा देखाउँछ, जसलाई हेर्न नेपाली जनता ७० वर्षदेखि प्रतिक्षारत छन् । खोई कहिले आउला समय ?

नेपालको यसवर्ष व्यापारघाटा १० खर्ब १३ अर्ब रहेको छ । नेपालको आयात ११ खर्ब नाघी सकेको छ । आयात १२४% ले र व्यापार घाटा १९२% ले बढेको छ । ३ दशकमा कृषिको वृद्धिदर २.८% को वरिपरि घुमि रहेको छ । आयातको दर हेर्दा देशका जनता पलायन हुने डरलाग्दो अवस्थाको कल्पना आउँछ । कोरोनाको भयावह अवस्थामा त भारतबाट घर आएका नेपालीहरु खान नपाएर कोरोनाको जोखिमलाई वास्ता नगरि पुनश्च: भारततिर पलायन गरे । कागजमा योजना बनाउने अर्थविद्हरु करौडौंको तलब भत्ता खाएर अर्बौंको कार्ययोजना बनाउँछन् । जति ठूलो योजना त्यति ठूलो आयातको दर देखिन्छ ।

विगत ६० वर्षको सरकारहरुको पालामा देशको आर्थिक वृद्धिदरको संक्षिप्त लेखाजोखालाई हेरौं । आ.व. ०२३/०२४ माआर्थिक वृद्धिदर (-१.५७ प्रतिशत), आ. व. ०२७/०२८ मा (१.६४ प्रतिशत), आ. व. ०२९/०३० मा (०.४९ प्रतिशत) थियो । ०४६ साल पछि उदार अर्थतन्त्रको अवधारणा अनुसार आर्थिक वृद्धिदर आ. व. ०४७/०४८ (**६.०३** प्रतिशत) र त्यस्तै आ.व. ०५०/०५१ मा (**७.६** प्रतिशत) को उँचाई देखाएपनि त्यसपछिका दिनमा नेपालको आर्थिक वृद्धिदर खस्किदै गएको छ ।

०६०/०६१ मा (४.४ प्रतिशत), ०६१/०६२ मा (३.२ प्रतिशत), ०६२/०६३ मा (३.७ प्रतिशत), आ.व. ०६३/०६४ मा (२.७५ प्रतिशत), ०६४/०६५मा (**५.०८** प्रतिशत), ०६५/०६६ मा (३.०९ प्रतिशत), ०६६/०६७मा (४.२६ प्रतिशत), ०६७/०६८मा (३.८५ प्रतिशत), ०६८/०६९मा (४.६१ प्रतिशत), ०६९/०७० मा (३.७६ प्रतिशत), ०७०/०७१ मा (**५.७२** प्रतिशत), ०७१/०७२ मा (२.९७ प्रतिशत), ०७२/०७३ मा (०.०१ प्रतिशत), ०७३/०७४मा (**६.९४** प्रतिशत),

उपरोक्त आर्थिक वृद्धिदरको रुग्नता बारेमा जुनसुकै सरकारले आफ्नो कमजोर पक्षलाई दोष नदिई अर्काको टाउकोमा दोषारोपण गर्दै आएको छ । कुनै आ.व.मा आर्थिक वृद्धिदर चम्केको बेला त्यसको श्रेय लिन सरकार पछि पर्दैन तर आर्थिक वृद्धिदरमा गति किन नआएको भन्ने विषयमा अर्थविद्हरु फेल रहेको कुरा आर्थिक वृद्धिदरको दुर्दशाले चित्रण गर्दछ । चालू आर्थिक वर्षको वृद्धिदर सरकारले ८ प्रतिशत अनुमान गरेको थियो । अहिले सो वृद्धिदर ऋणात्मक दुई संख्यामा पुग्न लागेको छ ।

देश दुर्दशा भोगिरहेको अवस्थामा नेता कहलाउनेहरु करोडौंदेखि अर्ब खर्बको स्वामी भएर राजनीति गर्दैछन् । ८-१० करोड खर्च गरेर साँसद पदलाई आरक्षित गर्ने नेताहरुको संख्या अब हजारौंमा पुगेको छ । यी धनकुबेरहरुको हातबाट राजनीति अब जनताको हातमा जाने अवस्था रहेन । चुनावमा पनि धनी उम्मेदवार तथा समानुपातिकमा पनि धनी उम्मेदवारको विगविगी रहेकोले यसमा यिनीबाहेक देश र जनताको कुनै कल्याण नहुने प्रष्ट छ ।

janukjha24@gmail.com

## भारतसँग...

थियो, त्यो पुन: सुचारु हुनु खुशीको कुरा हो । भारतसँग दुई पक्षीय वार्ताबाट यो कुराहरु टुंगिन्छन् ।

**० रअका प्रमुख भारतका प्रधानमन्त्रीको विशेष दूतको रुपमा नेपाल आएका थिए ?**

– रअ प्रमुख गोयलको भ्रमणलाई विशेष दूतको रुपमा लिन सकिँदैन । किनभने यस्ता भ्रमणहरु भइरहने एउटा नियमित प्रक्रिया नै हो । भारतका कुनै उच्च पदस्थ अधिकारी नेपाल आइसकेपछि प्रधानमन्त्रीसँग भेट गर्नु ठूलो कुरा होइन । त्यहीं क्रममा रअ प्रमुख र प्रधानमन्त्रीबीच भेटघाट भएको हो । दुई देशबीचको सम्बन्ध अझ सुमधुर कसरी बनाउने भन्ने विषयमा नै कुराकानी भएको हामीले जानकारी पाएका छौं । नेपाल र भारतका जनताले पनि चाहन्छन् कि दुई देशबीचको सम्बन्ध सुमधुर र मजबुत रहिरहोस् ।

**० विवादहरु अब टुंगिन्छ ?**

– विवादहरु टुंगिन्छन् भन्ने आशा गरौं । विगतदेखि सम्वादहीनताको अवस्था नै ठूलो समस्या थियो । अब सम्वादहरुको थालनी भएको छ भने अवश्य नै समस्याहरु समाधानतर्फ जान्छ । वार्ता कहिलेदेखि सुरु हुन्छ वा कुन तहबाट हुन्छ भन्ने कुराको टुंगो परराष्ट्र मन्त्रालयले तय गर्छ । तर वार्ता अवश्य हुन्छ र वार्ताबाट नै मतभेदहरुको अन्त्य हुन्छ । यी भ्रमणहरुलाई हामीले सकारात्मक रुपमा लिनुपर्छ ।

**० भारतीय सेनाध्यक्ष नरवणेको भ्रमणले वार्ताको बाटो खोल्छ ?**

– वार्ता भनेको जहिले पनि राजनीतिक क्षेत्रबाट सुरु हुन्छ । दुवै देशको परराष्ट्रमन्त्रीस्तरको वार्ता, सचिवस्तरको वार्ता वा सरकार प्रमुखहरुको वार्ता भनेको कुटनीतिक तवरमा हुन्छ । सेना प्रमुखहरुले राजनीतिमा हस्तक्षेप गर्दैनन् । त्यसैले यो भ्रमण वार्ताकै लागि भएको हो वा त्यसको पहल हो भन्न सकिँदैन । तर पनि यस्ता भ्रमणहरुले वार्ताका आयामहरुलाई खुला गरेकै हुन्छ । सेना प्रमुखहरुको भ्रमण भनेको दुवै देशबीचको सैन्य सम्बन्ध वा गतिविधि बढाउने पक्षमा हुन्छ ।

**० भनेपछि सेनाध्यक्षको भ्रमण संवादहीनता अन्त्य गर्ने एउटा राम्रो संकेत पनि हो ?**

– यो भ्रमण दुई देशबीचको सम्बन्ध सुमधुर बनाउने संकेत राम्रो हो । यो भ्रमणले अब दुई देशबीचको सम्वादलाई पुन: निरन्तरता दिन्छ । यसअघि रअका प्रमुख गोयल आउँदा पनि यस विषयमा केही कुराहरु भएको थियो । यसले गर्दा दुई देशबीचको सम्बन्ध मजबुत हुन्छ र हुनु पनि पर्छ । किनभने दुवै देशलाई एक अर्काको आवश्यकता पनि छ । भारतसँग हाम्रो हरेक कुरा मिल्छ । हरेक क्षेत्रमा भारतसँग हाम्रो अभिन्न र अटुट सम्बन्ध छ । हरेक किसिमले नेपाल र भारतबीचको जुन सम्बन्ध छ, त्यो सम्बन्धमा कुनै पनि किसिमले चिसोपन आउनु हुँदैन ।

**० रअका प्रमुखको भ्रमणपछि नेकपाभित्रको विवाद उत्कर्षमा पुगेको छ । पार्टी फुटको दिशामा नै गएको देखिन्छ नि ?**

– रअका प्रमुखको भ्रमणपछि नेकपाभित्रको विवाद फेरि बढ्यो भन्ने होइन । पार्टीभित्र वादविवाद हुनु पनि एउटा नियमित प्रक्रिया नै हो । कुनै पनि राजनीतिक दलमा दुई किसिमका पक्षहरु हुन्छन्, तिनीहरुबीच कुनै न कुनै विषयमा विवाद उठिरहनु स्वाभाविक हो । रअ प्रमुखको भ्रमणले गर्दा नै नेकपामा यो समस्या उत्पन्न भएको होइन ।

# मेरो अभिव्यक्तिबाट यदि कसैलाई पीडा भएको छ भने क्षमाप्रार्थी छु

**म जनभावनाको विपक्षमा जाने मान्छे नै होइन। त्यसकारणले यदि अनिल झाले धेरै कुकर्म गऱ्यो भन्ने कसैलाई लाग्छ भने जनताले दिने जुनसुकै दण्ड, सजाय र जरिमाना सहन तयार छु। १० जनाले मात्रै प्रश्न उठाए पनि म उहाँप्रति क्षमा प्रार्थी छु। मेरो मनसाय त्यो थिएन, तर अलग-अलग प्रसंगलाई बंग्याएर, तोडमरोड गरेर मविरुद्ध भ्रम फैलाउन खोजिएको छ। यसप्रति म अत्यन्तै दुःखित छु। यसलाई त्यहीरुपमा लिन म सबैमा हार्दिक अपिल र आग्रह गर्दछु।**



**अनिल कुमार झा**
**संघीय सांसद तथा जसपाका केन्द्रीय कार्यकारिणी समिति सदस्य**

**० तपाईंले रौतहटको एक सार्वजनिक कार्यक्रममा दिनुभएको अभिव्यक्तिको चर्को आलोचना भइरहेको छ। त्यस्तो अभिव्यक्ति किन दिनुभयो त ?**

– मैले करिब आधा घन्टा जति आफ्नो मन्तव्य दिएको थिएँ। त्यो मन्तव्यको केही अंशहरुलाई इडिट गरेर केही साथीहरुले एक डेढ मिनेटको फुटेजलाई सामाजिक सञ्जालमा भाइरल गराए। मैले दिएको मन्तव्यको मुख्यतः तीन वटा कुरामाथि साथीहरुले आपत्ति जनाएका छन्। स्थानीय तहको बजेट मेयरको बाउको सम्पत्ति हो र ? भनेर अनिल झाले भन्यो। पहिलो कुरा त त्यो कार्यक्रम पार्टीले पालिकास्तरमा आयोजना गरेको कार्यक्रम थियो। त्यसलाई त्यहीं सन्दर्भमा लिनुपर्छ। म यस्तै अन्य राष्ट्रियस्तरको कार्यक्रमहरुमा समेत सहभागिता जनाउने गरेको छु र त्यहिस्तरको कुराहरु राख्ने गरेको छु। म पालिकास्तरमा बोलिरहँदा त्यसलाई अन्तर्राष्ट्रियस्तरमा नबुझ्दा पनि हुन्छ। त्यसैले मेरो सम्पूर्ण वक्तव्य जुन पालिकामा कार्यक्रम आयोजना भएको थियो त्यो स्तरको नै थियो। त्यहाँका गाउँपालिका अध्यक्षले केही दिन पहिला मेरो लक्षित केही अभिव्यक्ति दिएका थिए। त्यो पालिकामा हाम्रो कार्यक्रम हुँदा त्यस पालिका अध्यक्षको प्रश्नको जवाफ दिनु मेरो बाध्यता थियो। मेरो बारेमा त्यहाँ लगाइएको आरोपको सन्दर्भमा म कडा रुपमा प्रस्तुत भएकै थिएँ। त्यसलाई साथीहरुले तोडमडोर गरेर भाइरल बनाएका छन्। तर मेरो पुरै वक्तव्य सुन्नुभयो भने यसको अर्थ अर्कै लाग्छ।

त्यसैगरी, महिलाको सन्दर्भमा पनि साथीहरुले आपत्ति जनाएका छन्। मैले उदाहरण दिने क्रममा सबै मेयर वा महिला जगतलाई अपमान गरेको होइन। मैले त्यो सन्दर्भमा भनेको पनि होइन। मलाई बदनाम गर्नका लागि यस्तो दुष्प्रचार गरिएको हो। मेरो श्रीमती पनि महिला हुन्, मेरी आमा पनि महिला हुन् र मेरो परिवारमा पनि महिलाहरु छन्। मैले महिलामाथि खराब नियतले किन लाञ्छना लगाउने ? त्यसैले त्यो सन्दर्भ अलग-अलग थियो, त्यसलाई एक ठाउँमा अनिल झाले महिला, मेयर र सिंगो विदेशमा काम गर्ने पुरुषहरुको मानमर्दन गऱ्यो भन्ने जुन प्रकारले प्रचारबाजी भइरहेको छ त्यो सत्य होइन। मेरो विगत हेर्दा म आफै उद्योगमन्त्री थिएँ। दुनियाँभरिमा हाम्रा नेपाली युवाहरु कसरी पीडा भोगिरहेका छन् त्यो मैले अनुभव गरेको छु। महिलाहरुको स्थिति के छ भन्ने कुरालाई मलाई थाहा छ। मेरो आफ्नै जिल्ला र निर्वाचन क्षेत्रमा यी कुराहरुको अवस्था के छ, मलाई राम्ररी थाहा छ। तर, राजनीतिक पूर्वाग्रहीले प्रभावित भएर कुनै जातिविशेषका मान्छेहरुले बढाइँचढाइँ गरी प्रचार गर्ने, त्यसमाथि केही मान्छेहरुको खोजी-खोजी प्रतिक्रिया लिने र त्यो प्रतिक्रियाको आधारमा एउटा विचार बनाउनलाई बाध्य गर्ने मैले देखिरहेको छु।

तसर्थ, म आग्रह गर्न चाहन्छु कि मैले रौतहटमा दिएको अभिव्यक्ति एक त पालिकास्तरको हो। दोस्रो, त्यो खास परियोजनामा खास प्रकारले भनिएको कुरा हो। महिलाको सन्दर्भमा वा सबै मेयरको सन्दर्भमा भनिएको पनि होइन। एउटा मेयरको सन्दर्भमा पनि मैले त्यहीं शब्दहरु भनेको होइन। त्यो प्रयोग भएको हो, त्यसलाई कहाँबाट काँटछाँट गरेर राखिएको हो। तर पनि यो सन्दर्भमा कसैलाई चित्त दुखेको, मानमर्दन भएको, पीडा भएको छ भने मेरो त्यो मनसाय थिएन। त्यसप्रति म आफै अत्यन्त दुःखित छु, म दुःख व्यक्त गर्न चाहन्छु। त्योभन्दा पनि यदि कसैलाई केही न केही भएको लाग्छ भने उहाँहरुसँग क्षमा पनि हुन चाहन्छु। किनभने म जनताको प्रतिनिधि हुँ, जनताले मलाई चुनाव जिताएर पठाएका छन्। म विगत ३० वर्षदेखि जनताको सेन्टिमेन्टको पक्षमा काम गरेको मान्छे हुँ। जनभावनाको विपक्षमा जाने मान्छे नै होइन। त्यसकारणले यदि अनिल झाले धेरै कुकर्म गऱ्यो भन्ने कसैलाई लाग्छ भने जनताले दिने जुनसुकै दण्ड, सजाय र जरिमाना सहन तयार छु। १० जनाले मात्रै प्रश्न उठाए पनि म उहाँप्रति क्षमा प्रार्थी छु। मेरो मनसाय त्यो थिएन, तर अलग-अलग प्रसंगलाई बंग्याएर, तोडमरोड गरेर मविरुद्ध भ्रम फैलाउन खोजिएको छ। यसप्रति म अत्यन्तै दुःखित छु। यसलाई त्यहीरुपमा लिन म सबैमा हार्दिक अपिल र आग्रह गर्दछु।

> कुनै पनि हालतमा मेरो आशय महिलालाई अपमान गर्ने थिएन। केही साथीहरुले मेरो एक-डेढ मिनेटको जुन भिडियो क्लिप भाइरल गरेका हुन्, त्यसको पूरा भिडियो हेर्नुभयो भने मैले रौटहटको ठेट भाषामा उदाहरणको रुपमा केही भनाइ राखेको थिएँ।

**० तपाईंको अभिव्यक्ति महिलाप्रति लक्षित थिएन त ?**

– कुनै पनि हालतमा मेरो आशय महिलालाई अपमान गर्ने थिएन। केही साथीहरुले मेरो एक-डेढ मिनेटको जुन भिडियो क्लिप भाइरल गरेका हुन, त्यसको पूरा भिडियो हेर्नुभयो भने मैले रौटहटको ठेट भाषामा उदाहरणको रुपमा केही भनाइ राखेको थिएँ। त्यसलाई हिन्दी, नेपाली, अँग्रेजीमा अर्कै प्रकारले प्रपोगेट गरेर लेख्ने एउटा विषय हो तर ती चीजहरु मधेशका गाउँहरुमा चलिरहेकै हुन्छ। तर पनि मैले भने यदि त्यसप्रति कसैलाई पीडा भएको छ भने म आफै दुःखी छु। मेरो त्यो मनसाय पनि होइन। म अर्कै सन्दर्भमा बोलिरहेको थिएँ। जसरी कतिपय मेयरहरुले जुन बजेट छ उहाँहरुसँग त्यो बजेट त केन्द्र सरकारबाट केन्द्रीय संसदले पारित गरेर दिएको छ। उनीहरुको पालिकाको आम्दानी र आयव्यय कसैले देखाएको पनि छैन। केन्द्रबाट गएको पैसा उनीहरुले खर्च गर्छन् तर भन्छन् सांसदले के दियो ? सांसदले त पारित गरेर पठाएको छ नि। मैले त्यहीं कुरा त्यहाँ भनिरहेको थिएँ। मेरो तात्पर्य थियो कि यो त संघीय संसदले नै पारित गरेर पठाएको छ। जसरी विदेशबाट कसैले पैसा पठाउँछ, उ जब विदेशबाट आउँदा पैसा खोई त भनेर माग्न पाउँदैन। त्यसैगरी एउटा सांसद आफ्नो क्षेत्रमा आउँदा उसले पैसा माग्न पाउँदैन। किनभने उसले संसदबाट पारित गरेर उसले पैसा पठाइसकेको छ। अनि सांसदले के गऱ्यो, सांसदले प्लाष्टिक दिएन, रासन दिएन, मास्क दिएन भन्न पाइँदैन। किनभने जब पोको पारेर करोडौं करोड पठाइसकेको छ भने सांसद फेरि कहाँ दिन्छ। के कसैले आफ्नो निजी पैसा दिइरहेको छ ? त्यसैले मैले जनतालाई यही कुरा बुझाइरहेको थिएँ। सांसदले संसदबाट बजेट पारित गरेर पठाइदिएको हुन्छ, त्यहीं पैसा त मेयरहरुले चलाउछन्। त्यो सन्दर्भमा उदाहरणको रुपमा आएका केही चीजहरुलाई तेर्स्याएर, तोडमरोड गरेर प्रोपोगेट गर्नुपर्ने कुनै आवश्यकता नै थिएन।

**० तर, तपाईंलाई गाउँपालिका अध्यक्षले अब यहाँ कार्यक्रम गरेर देखाओस् भनेर चेतावनी दिएका छन् नि ?**

– मैले त्यहीं गाउँपालिका अध्यक्षको गाउँ र घरकै अगाडि कार्यक्रम गरेको थिएँ र फेरि कार्यक्रम गर्छु।

**० झडप हुने अवस्था आउँला नि ?**

– उनी पाँच वटा वडाबाट निर्वाचित नेता हुन्। म ४२ वटा वडाको जनताबाट निर्वाचित नेता हुँ। म शान्तिपूर्ण राजनीतिक गर्दै आएको छु। म हतियार उठाएर वा जनतालाई तर्साएर आएको नेता होइन। ३० वर्ष मिहेनत गरेपछि जनताले मलाई एक पटक भोट हालेका छन्। त्यसैले कसैसँग म डराउने मान्छे होइन। ३० वर्षदेखि मधेश र मधेशीका लागि काम गरेको अनिल झा कुनै गाउँपालिका अध्यक्ष मात्र होइन संसारमा कसैसँग डराउँदैन।

**० जसपाको जम्बो केन्द्रीय समिति बनाउनुपर्ने आवश्यकता किन थियो ?**

– जसपाको विगतलाई हेर्ने भने १२ वटा पार्टीको एकीकरणबाट बनेको छ। ती पार्टीहरुबाट यदि ७५ जना गरी पनि राखिएको भए ९ सयभन्दा बढी हुन्थ्यो। कसैको पनि केन्द्रीय समिति एक सयभन्दा कम थिएन। त्यसरी पनि १२ वटा पार्टी मिल्दा त १५ सय देखि दुई हजारसम्मको केन्द्रीय समिति हुनुपर्ने अवस्था थियो। विगतका पार्टीहरुलाई एक ठाउँमा ल्याएर केन्द्रीय समिति बनाइरहँदा राजपाको मात्रै आठ सयभन्दा बढीको थियो। तर दुईटा पार्टीलाई मिलाएर ८०१ सदस्यीय बनाइएको छ। त्यस्तो स्थितिमा एकै पटकमा सानो आकारको बनाउन सक्ने अवस्था थिएन। समय क्रममा त्यसलाई अझ सानो बनाइन्छ।

**० त्यत्रो ठूलो आकारको केन्द्रीय समिति बनाउनुपर्ने बाध्यता थियो ?**

– स्वाभाविक हो। मैले त्यसलाई बाध्यताकै रुपमा लिएको छु।

**० एकीकरणका बेला तपाईं असन्तुष्ट देखिनुभएको थियो नि ?**

– एकीकरण घोषणा भएको ६ महिनाभन्दा बढी समय भइसक्यो तर कतिपय कुराहरु हामी मिलाउन सकिरहेका छैनौं। त्यो सन्दर्भमा राजपा र समाजवादीको अलग-अलग महाधिवेशन गरौं भन्ने थियो। अहिले जसरी यत्रो ठूलो केन्द्रीय बनाइएको छ, दुवैको महाधिवेशन भएको भए अहिले यस्तो अवस्था आउँदैनथ्यो। एकता ६ महिना वा वर्षपछि गर्दा पनि हुन्थ्यो। जुन दिन यो एकता घोषणा भयो त्यो दिन म काठमाडौंमा थिइनँ। त्यहीं दिन जनकपुर जाँदै थिएँ र मलाई महन्थ ठाकुरजीले फोन गर्नुभयो कि कांग्रेससँग मिटिङ्ग छ भनेर। मैले भने कांग्रेससँग बैठक छ भने तपाइँहरु जानुस्, म जनकपुरतिर लागें भनेर आग्रह गरेको थिएँ। कांग्रेससँगको बैठकपछि अचानक एकताका लागि बैठक भयो। त्यो बैठक प्रिप्लान्ड थिएन। उत्पन्न परिस्थितिलाई मध्यनजर गर्दै त्यो बैठक गरेकोले तत्कालै म फर्केर आउन सकिनँ।

अर्को कुरा रह्यो सन्तुष्टि र असन्तुष्टिको। राजनीतिमा यस्ता कुराहरु भइरहन्छ। तर राजपा र समाजवादी पार्टी मिल्नै हुँदैन भन्ने कुरा पनि होइन। मिलिसकेपछि समय, परिस्थिति र मधेशी जनताको चाहना पनि त्यहीं थियो। हामी स्थानीय तहको चुनावमा अलग-अलग लड्दा राम्रो परिणाम ल्याउन सकेनौं। त्यसैले हामी भविष्यमा एक साथ जाऔं भन्ने चाहना जनताको थियो। त्यो चाहना बमोजिम नै एकता भएको छ। त्यसलाई अलिकति समय लगाएर अझ परिष्कृत गर्न सकिन्थ्यो। तर वार्ता पनि एक वर्षभन्दा बढी समयदेखि चलेकै थियो। अहिलेको सन्दर्भमा यो एकतालाई ठिकै हो भनेर जानुपर्छ।

**० जसपाको संघीय संसदको संसदीय दलका नेता राजेन्द्र महतोलाई बनाउने सहमति भएको हो ?**

– एक वर्षदेखि एकताका लागि चलिरहेको वार्ताको संयोजक राजेन्द्र महतोजी नै हुनुहुन्थ्यो। त्यो वार्ता समितिमा म थिइनँ। एकताका लागि भएको बैठकमा यी कुराहरुको सहमति भएको भन्ने कुरा हामीलाई जानकारी दिइएको थिएन। एकताको घोषणाको बेला म यहाँ थिइनँ। तर यदि कुनै पनि चीजको सहमति भएको छ भने त्यसलाई लागू गर्नुपर्छ। यस्तो सहमति भएको हो कि होइन त्यो उहाँहरुकै कुरा हो। यस विषयमा कुनै पनि औपचारिक वा अनौपचारिक बैठकमा हामीलाई जानकारी दिइएको छैन।

**० केन्द्रीय समितिमा डा.बाबुराम भट्टराई बिना नम्बरको सबभन्दा माथि नाम छ। त्यसपछि नम्बर सुरु भएको छ। डा.भट्टराईलाई सर्वमान्य नेता मान्नुभएको छ कि ?**

– यो विषयमा पनि उहाँहरुले नै बसेर तय गर्नुभएको छ। उहाँहरु पाँच बाहेकका लागि कमै थाहा हुन्छ। त्यो लिष्ट सार्वजनिक भएपछि मात्रै हामीलाई पनि थाहा भयो कि यसरी लेखिएको छ। उहाँहरुले नै मानिसकेपछि मैले त्यसमा प्रतिक्रिया जनाइरहनु आवश्यक छैन। विभिन्न स्कूलिङ्गहरुबाट आएकाहरुलाई एक ठाउँमा फ्युजन गर्दा अलिकति भद्दा त भइहाल्छ।

**० तपाईं जसपाको निर्वाचन आयोगको प्रमुख हुनुहुन्छ, महाधिवेशन कहिलेसम्म गर्ने ?**

– दशैंको बीचमा कार्तिक ३ र ४ गते भएको केन्द्रीय कार्यकारिणी समितिको बैठक भएको थियो। कोरोनाको पनि त्यतिकै कहर थियो। त्यो बैठकपछि कतिपय नेताहरुको स्वास्थ्य पनि खराब भयो। नेताहरुसँग भेट पनि भइरहेको छैन। भागाभागको स्थिति छ। त्यो बैठकमा घोषणा भयो कि मलाई निर्वाचन आयोगको प्रमुखको जिम्मा दिइएको छ। कोरोनाका कारण त्यसपछि एक अर्कासँग भेट्ने स्थिति पनि छैन। यस्तो अवस्थामा अहिले नै महाधिवेशन कहिले गर्ने भन्ने टुंगो लगाउन सकिन्न। तर अब संरचनाहरु विस्तारै बन्दैछन्। समायोजनको काम सकिएपछि निर्वाचनसम्बन्धी काम सुरु गर्दा उचित होला।

**० भारतबाट भइरहेका उच्चस्तरीय भ्रमणहरुले नेपाल-भारतबीचको सम्बन्धमा देखिएको तिक्तता हटाउन सहयोग पुग्ला ?**

– यस्ता भ्रमणहरु हुनु भनेको राम्रो प्रयासको प्रारम्भ हो। यसको परिणाम त केही दिनपछि देखिएला। कतिपय बेलामा वार्ताहरु भइरहन्छ तर त्यसको परिणाम आउँदैन। भारतका कुनै प्रतिनिधि प्रधानमन्त्रीसँग भेट्दा कोलाहल मचाइहाल्नुपर्ने कुनै आवश्यकता छैन। तर नेपालमा जहिले पनि भारत भन्ने बित्तिकै एक प्रकारको बाघ आयो भन्ने जस्तो स्थिति हुन्छ। एकातिर मान्छेले यसलाई राष्ट्रियता माथि संवेदनशील भन्छन्, म यसलाई यो रुपमा लिन्न। नेपालको राष्ट्रियता यति कमजोर छैन कि सामन्त कुमार गोयल आएर प्रधानमन्त्रीलाई भेट्दा राष्ट्रियता टुक्रिने स्थिति हुँदैन। त्यसैले आफैले आफूलाई कमजोर ठान्नु जस्तो भयो। हामी पनि दिल्ली जान्छौं, त्यहाँका मान्छेलाई त्यति धेरै मतलब हुँदैन। हाम्रो देशका धेरै उच्चस्तरीय नेताहरु वा पदाधिकारीहरु विदेश भ्रमण गरिरहनु हुन्छ, त्यसलाई ठूलो मुद्दाको रुपमा उनीहरुले लिँदैन। त्यसैले हामी पनि लिइराख्नु आवश्यक छैन। नेपालको राष्ट्रियता यति कमजोर छैन कि कसैले नेपाल भ्रमण गर्दैमा अस्मिता खतरामा पर्छ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# जुन समाजले कोरोना फैलाउँछ, त्यहीं समाजले घृणा पनि फैलाउँदोरहेछ



वीरेन्द्र केएम
@birendrakmnepal

नेपाल सहित विश्वभरमा महामारीका रुपमा फैलिएको कोरोना महामारीबाट म पनि अछुतो रहन सकिन । जतातत‍ै सुनिने अवाजहरु 'ए कोरोना त केही होइन, त्यही रुघाखोकी जस्तै त हो नि ! लागिहाल्यो भने बेसारपानी खाने, ठीक भइहाल्छ, कोरोनाबारे अनावश्यक हल्ला फैलाइँदैछ, यो सबै नेताहरुको खेल हो । कमिशन खाने बाटो बनाएका हुन् नेताहरुले ! मेडिकल माफियाहरुले फैलाएको रोग हो !' भन्नेसम्मको गुञ्जनबाट म समेत कन्भिन्स थिए । तर त्यस्तो रहेनरहेछ । भनिन्छ नि जबसम्म आफूलाई पर्दैन तबसम्म कहाँ अनुभव गर्न पाइन्छ र ?

सुरुवाती लकडाउनदेखि काठमाण्डौ उपत्यकामै थुनिएर होला औपचारिक रुपमा आन्तरिक हवाइ सेवा खुलेपछि उपत्यका बाहिर जान निकै इच्छा थियो । अफिसकै कामको शिशिलामा असोज २१ गते बिराटनगर गँए, एक हप्ता प्रदेश १ मै बस्ने र सकेसम्म धेरै भन्दा धेरै साथीहरुलाई भेट्ने योजना थियो । भौतिक दुरी र स्वास्थ्य सुरक्षा अपनाउन म सदैव क्रियाशिल थिँए । छिन/छिनमै सेनिटाइजर र तराईको सहनै नसकिने गर्मीले गर्दा साबुन पानीले आवश्यक्ता भन्दा नी बढी हातमुख धुइन्थ्यो । त्यस्तो टन्टलापुर घाँम र गर्मीबीच पनि तातोपानी पिएको देख्दा अरुहरु खिस्सी गर्थे । तर मलाई भने कोरोना संक्रमित हुनबाट बच्नु थियो । **"अब त लकडाउन छैन मास्क किन लगाउनु र ?"** भन्नेहरुको जमात पनि कम थिएन समाजमा । तर सकेसम्मको सावधानी अपनाउँदा अपनाउँदै पनि कार्तिक १ गते मपनि संक्रमित भएँ ।

बिराटनगर स्थित होटल बिगमा मेरो बसाँई थियो । दिनभरी जतातातै घुमेर आएर राती त्यही सुत्थें । मात्र २० किलोमिटर पर सुनसरी स्थित आफ्नै घर भएपनि त्यहाँ गएर बसिन, किनकी घरमा भाईको सानो बच्चाहरु छन्, कस्लाई भेट्छु कतै संक्रमित भएँ भने ति बच्चाहरुलाई अफ्ठ्यारो हुन्छ की भन्ने मनमा थियो ।

असोज २९ गते एक्कासी थाकेको अनुभव गरेँ, बिराटनगरदेखि बिर्तामोड, धरान, भेडेटारसम्मको धपेडीले होला भन्ने भयो । फेरि काठमाण्डौ बसेको बानी, यताको गर्मी र गाडीको एसीले त्यतीकै पनि ज्वरो त लाग्ने नै हो भन्ने पनि थियो । अन्य दिनको तुलनामा त्यो दिन अझै बढी तनाव भयो । निरन्तर त्यो अवस्था बढ्दै गयो । टाउको दुख्ने, पसिना आउने जस्ता समस्याहरु सृजना भएपछि मलाई कोरोना लाग्यो जस्तो महशुस गरेँ ।

कार्तिक १ गते शनिवार सिधै काठमाण्डौ फर्के, बिहान ९:३० बजे बुद्ध एयरको फ्लाइटबाट काठमाण्डौ फर्केर, घर तिर नगई सिधै अस्पताल पुगेँ, स्वाब दिएर फोनमा कुराकानी गर्दै घर पुगे, तबसम्म मेरोलागि छुटै कोठा तयार थियो । दुवैतिर ढोका भएको, दुवैतिर झ्याल समेत भएको घरको बैठक कोठामा एकान्तबास काट्नु थियो, श्रीमतीजीले मलाई चाहिने सबै कुराहरु पहिला नै त्यहाँ व्यवस्थित गरिदिएका थिइन् । पछिल्लो १० दिनदेखि बाहिर रहेकोले होला छोरीलाई भेट्न निकै मन थियो तर एकान्तवासमा बस्नु बाध्यता थियो ।

सुरुवाती लकडाउनका बेला नेपाल पत्रकार महासंघले गरेको पीसीआर परीक्षणदेखि अहिलेसम्म चौथो पटक परीक्षणका लागि स्वाब दिइएको थिएँ । ११ चैतदेखि देशमा लकडाउन भएको थियो । ११ चैत अघिदेखि नै शुरु भएको थियो कोरोनाबारे रिपोर्टिङ, टेलिभिजन बहस आदि काममा मपनि सक्रिय थिए । चीनको वुहानबाट विद्यार्थीहरु ल्याएर राख्नका लागि बनाइएको खरिपाटी क्वारेन्टाइनदेखि अहिले जतातत‍ै घरमै रहेको आइसोलेशनसम्मको अवस्थामा जति खरिपाटीमा विद्यार्थी राख्दा त्रास थियो, अहिले त्यसको ५ प्रतिशत त्रास पनि छैन । त्यतिबेला मान्छे त डराउँथे । तर, अवस्था अहिले फरक छ ।

शनिबारको दिन र दशैंको रौनक भएर होला बजारमा चहलपहल निकै देखिन्थ्यो, बिराटनरदेखि काठमाण्डौंसम्ममा उस्तै चहलपहल थियो । तर आफूलाई भने शशीरमा तनाव थियो, हलुका टाउको दुखिरहेको थियो । खुट्टा गलेको अनुभुति भइरहेको थियो । त्यस दिन त्यत्तिकै बित्यो । श्रीमतीजीले साँझ बनाएर दिएको काढा पिएँ, खासै कुनै टेष्ट लागेन ।

भोलीपल्ट १० बजेतिर रिपोर्ट आउने कुरा थियो । स्वाब दिएको दोस्रो दिन बिहान उठ्दा शरीरमा निकै गाह्रो भयो । जसोतसो उठियो । टाउको र जिउको दुखाइ क्रमशः बढ्दै गयो । अगाडी रहेको टिभि, साइडमा रहेको मोवाइल, ल्यापटप खोल्न मन नलाग्ने, खाना तिर त हेर्न पनि मन थिएन । बीचमा फोन आइहाल्यो भने इरेटेड हुने, उठाउन मननलाग्ने, १० बजेपछि अस्पतालबाट फोन आयो, "तपाँईको रिर्पोट पोजिटिभ छ, बढी समस्या छ भने अस्पताल भर्ना हुनुहोला, नभए घरमै अराम गर्नुस् ।" मलै कुनै प्रतिकृया दिन्थेँ त्यो भन्दा अघि नै फेरि उताबाट अवाज अयो, "तपाँईको मोवाइल एसएमएसमा केहि औषधीको नाम पठाएका छौं त्यो मगाएर खानुस् है ।" अनि फोन काटियो ।

मनमा एक्कासी टेन्सन भयो, म्यासेन्जरको फैमली ग्रुममा आफू सक्रकित भएको म्यासेज छोँडे, मोवाइल साइलेन्ट गरे र सुत्ने प्रयास गरेँ, तर निन्द्रा लागेन, एका तिर मनमा यो कुरा सार्वजनिक त गर्नै पारो भन्ने हुन्थ्यो भने अर्को तिर होस् नगरौं भन्ने पनि मनमा हुनथ्यो । कोरोनालाई त्यत्ति धेरै हलुका रुपमा लिनुहुँदैन भन्ने मनले भन्थ्यो तर कतै कुनै जटिल समस्या नै भयो भने के गर्ने त ? लगायतका कुराहरु मनमा खेलिरहयो ।

खाना खान सक्ने अवस्था नै भएन । बेसारपानी समेत काढा, खान सक्छु कि भनेर ग्लासमा लिएँ । निल्न निकै ग्राहो हुने, जसो तसो खाएँ । स्वास्थ्यकर्मी समेत रहेका मेरा एकजना भाई महेशले केहि औषधीहरु दियो तर घट्नुको साटो ज्वरो बढ्दै गयो । आँखाका दानासमेत निकै जोडतोडले दुख्न थाले । यति धेरै दुख्यो, अब चाहिँ आँखा फुटेर फ्याट्टै बाहिर निस्कन्छन् जस्तै भयो । खुट्टा पनि दुखिरेहका थिए । शरीरले निकै थकान महहशुस गरिरहेको थियो । जसोतसो निधाएँछु । त्यो रात जसोतसो बित्यो, भोलीपल्ट ज्वरोले आफ्नै रुप लियो, टेवलेट खाँदा ठिक हुने, एक छिनपछि फेरि आउने ।

बिहान उठ्दा ६ बज्नै लागेको थियो । झन् धेरै गाह्रो भयो । बेडमा छट्पटाइरहें । केही डाक्टरहरुलाई टेलिफोन गरेर जानकारी गराएँ । प्रायः डाक्टरहरुले श्वास-प्रश्वासमा केही समस्या छ कि भनेर सोध्ने । तर, मलाई श्वास-प्रश्वासमा त्यस्तो केही समस्या थिएन । समस्या ज्वरो आउने, टाउको दुख्ने र जिउ अत्यधिक दुख्ने थियो । श्वास-प्रश्वासमा समस्या नभएकाले धेरै आत्तिन नहुने सल्लाह डाक्टरहरुको थियो । तर, दुखाई यत्ति थियो कि, आफू मर्छु कि भन्नेसम्म सोच्न पुगें ।

रिपोर्ट पोजिटिभ आएपछि मान्छे आत्तिन्छ भन्ने सबैको अनुमान हुने रहेछ । तर, म आत्तिनँ । माथी बस्ने घरबेटी अंकललाई फोन गरेर आफू संक्रमित भएको जानकारी गराँए, "केहि छैन बरु एकान्त बस्नु, दशैको मुखमै आएर तपाँईलाई के दसा लाग्यो होला" भन्दै नआत्तिन्नु है भने सुझाव दिनुभयो, गाह्रो भए कृपया भन्नुहोला, जे गर्नुपर्छ, जहाँ जानुपर्छ जाउँला भन्दै हौसला पनि दिनु भयो । मेरी छोरी र उनकी नातीनी निकै मिल्ने साथी, सधैं संगै खेल्ने, एक्कासी उनकी नातिनी तल आउन छाडी, मेरी छोरी पनि बाहिर निस्किन छाडी । हुन पनि हो यो रोग नै त्यस्तै घुलमिल गर्नै नदिने । छिमेकी विष्णु अंकलले फोन गरेर केहि आवश्यक्ता भए भन्नु है, हामि ल्याएर दिन्छौं, केहि पीर नगर्नुस् एउटै परिवारमा जन्मिनु पर्छ भन्ने छैन हामि एउटै परिवार हौं । तत्कालै म बोजो पठाइदिन्छु तातोपानीमा त्यसको वाफ लिनु, केहि रिलिफ हुन्छ भन्ने आश्वासन दिनु भयो ।

यता, तबसम्ममा मैले फेसबुकको माध्यमबाट आफू संक्रकित भएको सार्वजनिक जानकारी गराइसकेको थिए । सुनसरी स्थित घर समेत चारैतिबाट फोन आउने क्रम जारी थियो । हाम्रो समाज कस्तो छ भने, सुनसरी स्थित मेरा घर, मामाघरका मान्छेहरु सित समेत घृणात्मक व्यवहार गर्न थाले, म गाँउ जाँदा लहरै भएर हाम्रो घरमा मलाई भेट्न आउनेहरु कोरोना संक्रमित भएको थाह पाउँदा सुनसरी स्थित मेरा घरपरिवार, नतागोताका मान्छेसँग एक्कासी घृणित व्यवहारमा उत्रेको थाहपाएपछि एकछिन बडो मनमा चिन्ता भयो, "म यहाँ काठमाण्डौमा छु तर मेरा समाज कति बुझ्ने सुनसरी स्थित घृणा फैलाउँदैछन्" ।

एकछिन हाम्रै समाजप्रति नै रिस उठ्यो । फोनमा उक्त विवरण सहितको आमाको कुरा सुनेपछि मनमा थप रिस त उठ्यो नै तर यस्तै छन् हाम्रा समाज भन्दै चित्त बुझाएँ ।

यता, दुखाइकै बीच निदाएछु । राति शरीरमा खलखली पसिना आएछ । ब्युझिएँ । नजिकै रहेको मोबाइल बालें । शरीर पसिनाले भिजेको थियो । घडी हेरेँ । भर्खर २ बजेको रहेछ । टाउको दुखाइ हलुका थियो । एकछिन मोवाइलमा भुलिने प्रयास गरें सालेण्टमा भएर होला मोवाइलमा मिसकलको उहीरो थियो । केहि म्यासेजहरु पढेँ, प्रायः म्यासेजहरु बिभिन्न सुझावहरु भरिएको थियो । तातोपानी, बेसार, गुर्जो, केकेरे, केके आदि सुझावहरुले मोवाइल भरिएको थियो । मनमा एउटा कुरा फेरि खेल्न थाल्यो, "एउटा समाज जो सुनसरी स्थित मेरा परिवारलाई समेत अपवित्र नजरले हेर्दैछन् अर्को समाज मलाई यसरी सुझाव दिदैछन् । सायद दुनियाँ यसैलाई भनिन्छ होला ।"

टाउको दुख्ने, पेट दुख्ने, आखाँ दुख्ने, कान दुख्ने, घाँटी दुख्ने र ज्वरो लाग्ने/छुट्ने क्रम लगातार ५ दिनसम्म चलेपछि सुरु भयो, सुख्खा खोकीको क्रम । त्यस्तो खोकी जून जीवनमै अहिलेसम्म मलाई कहिले भएको थिएन । खोकी सुरु भएपछि लगातार भएको भए हुने, छाती नै फाटिएला र टाँउको उड्ला जस्तो महसुस् हुने । यस्तो क्रम लगातार ५ दिन जारी रहयो, बीचमा के-के दवाईहरु खाए त्यो आफूलाई नै थाह छैन । अहिले कम्जोरी बाहेक खासै कुनै समस्या छ जस्तो लाग्दैन । कोरोनालाई जितेको मनबाटै महसुस भइरहेकेको छ ।

१५ औं दिनमा फेरि परीक्षणका लागि दिएको रिपोर्टको नतिजा नेगेटिभ आएको छ । नेगेटिभ आउँदा खुसीले रमाएको छु । तर, ती १४ दिनहरु सम्झदा अझैपनि मनमा तनाव हुन्छ । यहीँ बीचमा नेपालीहरुको महान पर्व विजयादशमी पनि सकियो । संक्रमितका रुपमा एउटा कोठामै सीमित भएर दशैंलाई बिदा गरियो ।, फेसबुकमा अरुले राखेको फोटोहरुले नै रमाएँ ।

होम आइसोलेसनमा बस्दा शुभेच्छाका फोनहरु धेरै आए । कतिको उठाइयो, कतिको उठाइएन । प्रधानमन्त्रीको सचिवालय र प्रदेश १ स्थित मुख्यमन्त्रीको सचिवालयले सबैभन्दा बढी चासो लिएको पाएँ । नेपाल पत्रकार महासंघको काठमाण्डौ समिति, उपत्यका समित र केन्द्र समितिको तर्फबाट सदैव सम्पर्कमै रहिरयो । मन्त्री, पूर्वमन्त्री, सांसदहरु, उद्योगी, व्यवसायी, बैंकर, पत्रकार, अन्य पारिवारिक नातागोता, साथीभाई, आफन्त धेरैले सम्झिए । प्रायः सबैको सुझाव थियो, तातोपानी बेसार खानू, गुर्जोको रस, मह तुलसी, आदुवाको रस, वाफ लिनु र नआत्तिनू ।

सुझाव दिनेहरुले जेजस्तो भने पनि आफ्नो पिडा अझैपनि आफैलाई याद छ । १३/१४ दिनको कठिन र पिडादायक संघर्षपछि अन्ततः कोरोनालाई जितेको छु । सिधै भन्ने हो भने मेरालागि एमबिबिएस/एमडी भन्दा नी ठूला डाक्टर मेरी पत्नी शिला र भाई महेश हुन् । उनिहरुले कुन-कुन दवाई दियो, म कुन-कुन खाँए त्यो उनिहरुलाई नै थाह छ । तर उनीहरुको दवाईको परिणाम हो म संक्रमणमुक्त भएको छु र आफ्नै अनुभवले भरिएको यो आर्टिकल लेख्दैछु ।

ब्यक्तिगत रूपमा फोन मार्फत सुझाव सहित हौसला दिने क्रमश मन्त्रीज्युहरु प्रदिप ज्ञवाली, पार्वत गुरुङ, रामेश्वरराय यादव सहित नेताज्युहरू माधवकुमार नेपाल, उपेन्द्र यादव, विजयकुमार गच्छदार, शेखर कोइराला, लालबाबू पंडित, ज्ञानेन्द्रबहादुर कार्की, रेणु यादव, भिम आचार्य र आदरणीय सिताराम मेहताको स्नेहपुर्ण फोनब्यवहार अवश्यपनि मलाई सदैव याद रहनेछ ।

त्यसैगरी, महासंघ अध्यक्ष गोविन्द आर्चाय, पुर्वअध्यक्ष धर्मेन्द्र झा, महासचिव रमेश बिष्ठ, मधेशी आयोगका अध्यक्ष विजय दत्त, प्रदेश २ स्थित सांसद उपेन्द्र महतो, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, पत्रकार/विश्लेषक राजेश अहिराज, अधिकारकर्मी गणेश मंडलको फोन सुझाव र स्नेहब्यवहारलाई पनि बिर्सन सकिन्न । त्यस्तै काठमाण्डौ स्थित हाम्रा घरबेटी अंकलका पुरै परिवार, छिमेकी विष्णु अंकल जस्ले प्रत्येक पल म र मेरा परिवारलाई हौसला दिनुभयो, आत्मबल दिनुभयो, उहाँ सहित फेसबुक/ट्विटर आदि मार्फत आत्मबल सहित मेरो स्वस्थ्यलाभको कामना गरिदिनुहुने सम्पुर्णमा सदैव आभारी रहने नै छु ।

अन्त्यमा यती अवश्य भन्छु, यस्तो रोग अरु कसैलाई नलागोस्, समाजमा भनिए झै कोरोनालाई त्यत्ति धेरै हलुका रुपमा लिनुहुँदैन भन्ने मेरो अनुभवले बुझेको छु । कहिँ जाँदा पनि विशेष सुरक्षा सतर्कता अपनाएकै हो । कहीँकतै आफ्नै कमजोरीले कोरोना लाग्यो भन्ने मलाई लागेको छ । मर्छु कि जस्तै भएर कोरोनालाई जित्दाको खुसी अलि फरक नै हुँदो रहेछ । बीचमा भएका सबै घटना यहाँ राख्ने हो भने अझ धेरै कुराहरु छन् जून लेख्न साध्य छैन । तर, छोटकरीमा यत्ति भन्न चाहन्छु -कोरोना केही पनि होइन चाहिँ नभनौं । सतर्क रहौं तर नआत्तिऔं ।

*(कोराना संक्रमित भएर निको भएका पत्रकार वीरेन्द्र केएम नागरिक टाइम्सका सम्पादक हुन् ।)*

## मधेश अपडेट

### प्रदेश २ का मुख्यमन्त्रीलाई कोरोना

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीलाई कोरोना संक्रमण भएको छ । मुख्यमन्त्री राउत अहिले होम आइसोलेसनमा रहेको स्रोतले जनाएको छ । राउतलाई रूघाखोकीसँगै ज्वरो आएपछि होम आइसोलेसनमा बसेका छन् । उनी जनकपुरधामस्थित निवासलाई नै होम आइसोलेसन बनाएर बसेका हुन् । होम आइसोलेसनमा बसेपछि तत्कालका लागि भेटघाट बन्द गरिएको उनीनिकट स्रोतले बताएको छ । कात्तिकको पहिलो साता काठमाडौंबाट फर्केपछि स्वास्थ्यमा समस्या देखिएको र त्यही समयदेखि होम आइसोलेसनमा बस्न सुरु गरेको बताइएको छ ।

### अस्पतालका कर्मचारीहरू अनसनमा

जनकपुर । जानकी मेडिकल शिक्षण अस्पतालमा आन्दोलनरत कर्मचारीले अस्पतालको प्राङ्गणमा आमरण अनसन थालेका छन् । धनुषाको रमदैयास्थित जानकी मेडिकल शिक्षण अस्पतालमा एक महिनादेखि आन्दोलनरत कर्मचारीहरुले आईतबार आमरण अनसन सुरु गरेका हुन् । बक्यौता तलब भुक्तानी तथा संचयकोष रकम जम्मा गर्न माग गर्दै एक महिनादेखि चरणवद्ध आन्दोलनमा उत्रिएका उनीहरुले माग पुरा नभएको भन्दै आमरण अनसन थालेका हुन् । आन्दोलित कर्मचारीले कलेज प्रशासनमा लगाएको तालासमेत फुटाइएपछि उनीहरुले यसअघि नै आमरण अनसनमा बस्ने चेतावनी दिएका थिए । जिल्ला प्रहरी कार्यालय धनुषामा प्रहरी नायब उपरीक्षक मकेन्द्र मिश्रको रोहवरमा गत भदौ ३० गते कलेज व्यवस्थापक र आन्दोलनरत पक्षका प्रतिनिधि उमेश यादवबीच सम्झौता भएको थियो । सम्झौताअनुसार असोज ४ गतेसम्म लेखापाल राखी बक्यौता रकमबारे खर्च हिसाब सार्वजनिक गर्ने र असोज ३० सम्म दसैं खर्च, संचयकोष र तलब लगायतका सम्पूर्ण रकम भुक्तानी गर्नुपर्ने थियो । तर कलेज व्यवस्थापनले धर्नामा बसेका ४० जना कर्मचारीमध्ये ५ जनालाई निलम्बनको पत्र थमाएको छ भने केहीलाई स्पष्टिकरण समेत सोधेको छ । कर्मचारीहरुको ६ वर्षको दसैं पेश्की, २ महिनाको तलब, ६ वर्षदेखिको संचयकोष लगायतका रकम भुक्तानी हुन बाँकी रहेको आन्दोलित कर्मचारीहरुको भनाइ छ । केही कर्मचारीको १५/१६ महिनाको तलब नै बाँकी रहेको उनीहरुले जनाएका छन् । आन्दोलनले गर्दा कलेजको कामकाज प्रभावित हुँदै गएको र विद्यार्थीबाट असुल हुनुपर्ने २७ करोड रुपैयाँसमेत असुल हुन नसकेको उनको भनाइ छ ।

### मधेशवादी पार्टी 'बहुरूपिया' : नेकपा नेता साह

रौतहट । नेकपाका नेता तथा सांसद प्रभु साहले मधेशवादी पार्टीले बहुरुपिया र जनतालाई ठगीरहेको आरोप लगाएका छन् । दशैं, दिपावली तथा छठको अवसरमा रौतहटको गरुडा नगरपालिका-५, महम्मदपुरमा आयोजित शुभकामना आदानप्रदान तथा जनचेतना कार्यक्रममा सांसद प्रभु साहले मधेशवादी दलले समाजमा भ्रम फैलाउन बहरुपिया बनेको आरोप लगाएका हुन् । मधेशवादी दलले समाजमा भ्रम फैलाएर मधेश र पहाडको नाममा जनतालाई ठग्ने गरेको उनको भनाइ छ । उनले मधेशी दलले भ्रष्टाचार बढाउने र उदण्ड राजनीति गर्नतर्फ मात्र उद्दत रहेको आरोप लगाए । बाबुराम भट्टराई नेकपा माओवादीमा हुँदा पहाडीयाको पार्टी भनेर उफ्रिनेहरु अहिले उनै बाबुरामलाई नेता बनाएर बहुरुपी चरीत्र देखाएको उनले बताए । सांसद साहले संघ सरकारले मधेशमा संचालन गर्ने सबै कार्यक्रम एवम् परियोजनामा मधेशवादी दलले बाधा पुर्याई काम अवरुद्ध गरेकोप्रति आपत्ति जनाए ।

### हर्षोल्लासका साथ मनाइयो मोहम्मद डे

बाँके । इस्लाम धर्मका प्रवर्तक हजरत मोहम्मदको जन्मोत्सव (मोहम्मद डे) को अवसरमा नेपालगन्जका इस्लाम धर्मावलम्बीले हर्षोल्लास मनाएको छ । नेपालगन्जका विभिन्न स्थान बेलुन, झन्डा, बत्तीसहित सिँगारिएका थिए । इस्लाम धर्मावलम्बीहरुले सहरका चोक-चोकमा झाँकी र बाजागाजासहित प्रदर्शन गरेका थिए । बाँकेका इस्लाम समुदायका धर्मगुरु तथा अगुवाहरुले सामाजिक दूरी कायम गरेर मोहम्मद डे मनाउन आग्रह गरेका थिए । कोरोना भाइरस सङ्क्रमणको उच्च जोखिम रहेकाले सामाजिक दूरी कायम गरेर मोहम्मद डे मनाउन सबै इस्लाम धर्मावलम्बीमा आग्रह गरिएको धर्मगुरु मौलाना अब्दुल जब्बार मञ्जरीले जानकारी दिए । उनले कोरोना भाइरस सङ्क्रमणबाट आफू सुरक्षित राख्दै चाडपर्व मनाउन नेपालगन्जवासीमा अपिलसमेत गरेका थिए । इस्लामी पात्रोको तेस्रो महिना रविउल्ल अवलको १२ तारिखको दिन नेपाली मुसलमानसहित विश्वभरिका मुसलमान धर्मावलम्बीले विभिन्न धार्मिक कार्यक्रम गरी मोहम्मद डे मनाउँदै आएको इस्लाम धर्मका गुरु मौलाना अब्दुल जब्बार मञ्जरीले बताए ।

### धानको समर्थन मूल्य कार्यान्वयनमा

रुपन्देही । रुपन्देहीको तिलोत्तमा नगरपालिकास्थित साना किसान कृषि सहकारी संस्थाहरुले सरकारले तोकेको न्यूनतम समर्थन मूल्यमा किसानको धान खरिद गर्ने भएका छन् । नगरपालिकाले सहजीकरण गरेपछि नगरभित्रका साना किसान सहकारी संस्थाहरुले सङ्घीय सरकारले तोकेको न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्न तयार भएका हुन् । सङ्घीय सरकारले गत जेठमै धानको न्यूनतम समर्थन मूल्य निर्धारण गरेपनि त्यसको कार्यान्वयन हुन सकेको थिएन । सरकारले गत जेठ २ गते चालु आर्थिक वर्षका लागि मोटा धानको प्रतिक्विन्टल रु २ हजार ७ सय ३५ र मध्यम धानको प्रतिक्विन्टल रु २ हजार ८ सय ८५ न्यूनतम समर्थन मूल्य तोकेको थियो । साना किसान सहकारीमार्फत धान खरिद गर्ने गरी कृषि तथा पशुपक्षी विकास मन्त्रालयले निर्देशिकासमेत जारी गरिसके पनि यस क्षेत्रका सहकारीले किसानको धान तोकिएको न्यूनतम समर्थन मूल्यमा खरिद गरेका थिएनन् । सरकारले लागू गरेको न्यूनतम समर्थन मूल्यको कार्यान्वयन हुन नसकेको अवस्थामा तिलोत्तमा नगरपालिकाले सहजीकरण गरेपछि यहाँका ६ वटा साना किसान कृषि सहकारी संस्थाले किसानको धान खरिद गर्न सहमत भएको नगर प्रमुख बासुदेव घिमिरेले बताए ।

### विद्यालयमा मास्क र सेनिटाइजर वितरण

वीरगन्ज । सुरक्षित पठन पाठनका लागि सामुदायिक विद्यालयहरूमा मास्क र सेनिटाईजर वितरण कार्य जनता समाजवादी पार्टी नेपालका प्रतिनिधिसभा सदस्य प्रदीप यादवले सुरु गरेका छन् । पर्सा जिल्लाको वीरगजका आंशिक रुपमा विद्यालयहरु संचालनमा आउना साथ सतर्कता पनि अपनाउन बढी आवश्यक भएकोले सांसद यादवले पर्सा निर्वाचन क्षेत्र न.१ वीरगंज बजार क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा बुधबारबाट मास्क र सेनिटाईजर वितरण सुरू गरेको जनाएका छन् । सांसद यादवका अनुसार पहिलो चरणमा श्री माईस्थान विद्यापीठ मा.वि., श्री सुन्दरमल राम कुमार कन्या विद्यालय, श्री त्रिजुद्ध उच्च मा.वि., श्री ने.रा.उच्च. मा.वि. श्रीपुर, श्री त्रिभुवन हनुमान मा.वि.मा अनुगमनका साथै प्रत्येक विधार्थीलाई पुग्ने गरी चार हजार मास्क र सेनिटाईजर समेत वितरण गरेका छन् । दोस्रो चरणमा बाँकी रहेका विद्यायलहरूमा पनि मास्क र सेनिटाइजर वितरण गरिने कार्यक्रम रहेंको उनले जनाए । साथै अनुगमनको क्रममा स्कुलका प्राध्यापक र व्यवस्थापन समितिबाट आएको सुझाव र समस्याहरू क्रमबद्ध रुपमा समाधान गर्ने प्रतिबद्धतासमेत सांसद यादवले गरेका छन् ।

शुभ दीपावली, छठ-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजीव रंजन यादव
मेयर
बौधीमाई नगरपालिका, रौतहट, प्रदेश २

नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

**यसबाट बच्ने उपायहरु :**

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रुघा र खोकी तथा श्वास–प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

शुभ दीपावली, छठ–२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई–दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

# अभय कुमार सिंह
## मेयर
### बलरा नगरपालिका
### सर्लाही, प्रदेश २

नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

**यसबाट बच्ने उपायहरु :**

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रुघा र खोकी तथा श्वास–प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

शुभ दीपावली, छठ–२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई–दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

# शेख वकिल
## मेयर
### परोहा नगरपालिका
### रौतहट, प्रदेश २

नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

**यसबाट बच्ने उपायहरु :**

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रुघा र खोकी तथा श्वास–प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

शुभ दीपावली, छठ–२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई–दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

# सियाराम प्रसाद कुशवाहा
## मेयर
### कटहरिया नगरपालिका
### रौतहट, प्रदेश २

नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

**यसबाट बच्ने उपायहरु :**

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रुघा र खोकी तथा श्वास–प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

शुभ दीपावली, छठ–२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई–दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

# विक्रम राय यादव
## अध्यक्ष
### चक्रघाटा गाउँपालिका
### सर्लाही, प्रदेश २

# संक्षिप्त समाचार

## राजदूतद्वारा एक अर्बको चेक हस्तान्तरण

काठमाडौं । अर्थमन्त्री विष्णुप्रसाद पौडेल र नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्राबीच भेटघात भएको छ । सो भेटघाटमा दुई देशबीच आपसी समृद्धि र प्रगतिका लागि दुई देशबीचको द्विपक्षीय आर्थिक र विकास साझेदारीलाई अझ मजबुत बनाउन सकारात्मक छलफल भएको राजदूत क्वात्राले ट्वीटरमार्फत् जानकारी दिएका छन् । गोरखा र नुवाकोटमा आवास पुनर्निर्माण परियोजनाहरुको लागि भारतीय अनुदानस्वरूप थप १ अर्ब नेरूको चेक हस्तान्तरण गर्न नेकपाका महासचिव समेत रहेका अर्थमन्त्री पौडेलसँग भेटवार्ता भएको जनाइएको छ ।

## परराष्ट्र सचिव र राजदूतबीच भेट

काठमाडौं । परराष्ट्र सचिव भरतराज पौड्यालसँग नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्राले भेटघाट गरेका छन् । परराष्ट्र सचिव पौड्याल र राजदूत क्वात्राबीच बुधबार बिहान भेटघाट भएको हो । क्वात्राले ट्विट मार्फत भनेका छन, 'परराष्ट्र सचिव भरतराज पौड्यालजीसँग न्यानो भेट भयो । हामीबिच भारत-नेपाल सहकार्यमा भइरहेको ठोस प्रगतीबारे सकारात्मक छलफल भयो ।' परराष्ट्र मन्त्रालयको सचिव बनेकोमा पौड्याललाई राजदूत क्वात्राले बधाईसमेत दिएका थिए ।

## डल बनाउने कार्यक्रम उदघाटन

वीरगन्ज । वीरगन्ज महानगरपालिका वडा नं.५ वडा समितिको सभाहलमा ३० दिने डल बनाउने कार्यक्रमको उद्घाटन गरिएको छ । वडा स्तरीय खर्चीएको २ लाख रकमबाट २० जना मध्यम वर्गका महिलाहरुलाई डल बनाउने तालिम सोमबारबाट दिएको छ । युवा जागरण मंच नेपालका अध्यक्ष गिता खनाल र वडा नं.०५ का वडा अध्यक्ष तथा प्रमुख अतिथि प्रदीप चौरसीयाको उपस्थितिमा डल बनाउने तालिमको शुभारम्भ गरिएको थियो । वीरगंज महानगरपालिका वडा नं.५ को सहयोगमा यस प्रशिक्षण कार्यक्रम सकिने साथ चरणबद्ध रुपमा महिला विकासका लागी शिपमूलक कार्यक्रम गरिने प्रमुख अतिथि चौरसियाले जानकारी दिएका छन् । उद्घाटन कार्यक्रममा प्रमुख अतिथि वडा नं.५ का अध्यक्ष प्रदिप चौरसीया युवा जागरण मंच नेपालका अध्यक्ष गिता खनाल, वडा सदस्य मञ्जु परियार, नितु श्रेष्ठ, सुरज कुमार कुर्मी, शिव नारायण यादव , नेपाल टेलिभिजनका नेहाल खान र कार्यक्रम सञ्चालन सुरज कुर्मीद्धारा गरिएको थियो ।

## कांग्रेस नेता मण्डलको कोरोनाबाट मृत्यु

बारा । नेपाली कांग्रेसका महासमिति सदस्य मदन मण्डलको कोरोना संक्रमणका कारण निधन भएको छ । बाराको आदर्शकोतवाल गाउँपालिकास्थित टेडाकट्टीका ४५ वर्षीय मण्डलको उपचारको क्रममा गएराति निधन भएको हो । नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा शनिबार गरिएको परीक्षणमा कोरोना पोजेटिभ रिर्पोट आएको थियो । नारायणीले उपचार गर्न नसक्ने भएपछि गम्भीर अवस्थामा थप उपचारका लागि काठमाण्डौं लैजाने क्रममा बाटोमा नै निधन भएको नेपाली कांग्रेस बारा क्षेत्र नं. १ का सभापति विजयशंकर यादवले जानकारी दिए । मण्डलको निधनप्रति नेपाली कांग्रेस बाराले दुःख व्यक्त गरेको छ । नेपाली कांग्रेसका नेता शोभाकर पराजुली, महासमिति सदस्य पेमाशिढ्ढी लामा र सुरेशकुमार खनाल लगायतले सामाजिक सञ्जालमार्फत दुःख व्यक्त गरेका हुन् ।

## तथा जसपा नेता लिम्बूको मृत्यु

मोरङ । जनता समाजवादी पार्टीका नेता गजेन्द्रबहादुर लिम्बु (इस्बो) को कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट मृत्यु भएको छ । गत २७ असोजमा कोरोना संक्रमण पुष्टि भएपछि इस्बोलाई १२ कात्तिकमा न्यूरो अस्पताल विराटनगरमा भर्ना गरिएको थियो । निमोनियाको समस्या देखिएका उनको हिजो मंगलबार बिहान ३:३० बजे मृत्यु भएको अस्पतालले जनाएको छ । पूर्व गोर्खा सैनिकको अधिकारको क्षेत्रमा लामो समययता लड्दै आएका इस्बोको मंगलबार बिहान मृत्यु भएको हो । भूतपूर्व ब्रिटिस गोर्खा सैनिक संघका पूर्व अध्यक्ष रहेका ६३ वर्षीय इस्बो समाजवादी पार्टीका नेता हुन । उनी धरान उपमहानगरपालिकाको उपनिर्वाचनमा मेयरको उम्मेदवार बनेका थिए । उनी जनता समाजवादी पार्टीको लिम्बुवान राष्ट्रिय समितिको उपाध्यक्ष हुन् ।

## राजतन्त्रको पक्षम जनकपुरधाममा र्‍याली

जनकपुरधाम । राष्ट्रवादी नागरिक समाजले मुलुकमा राजतन्त्र फर्काउन भन्दै महाअभियानको सुरुवात गरेको छ । राजधानी काठमाडौंबाट सुरु गरेको महाअभियान अन्तर्गत शनिबार जनकपुरधाममा समेत राष्ट्रिय नागरिक समाजले र्‍याली निकालेको छ । 'राजतन्त्र पुनर्वहाली गर', 'भ्रष्टाचार अन्त्य गर', 'हत्या हिंसा बलात्कार जस्ता घटना नियन्त्रण गर' लगायतका नाराहरु लगाउँदै नेपालको राष्ट्रिय झण्डा बोकेर दर्जनौं व्यक्ति पूर्वराजाको पक्षमा नारा लगाउँदै र्‍यालीमा सहभागी भएका थिए । देशमा भ्रष्टाचार मौलाइरहेको, बलात्कार, हत्या हिंसा जस्ता घटनाहरु दिनदिनै बढिरहेकोले त्यसको न्यूनिकरणका लागि राजतन्त्र फर्काउन आवश्यक रहेको राष्ट्रवादी नागरिक समाजको महाअभियानका संयोजक चन्द्र बहादुरले बताए । उनले दलहरुले देशलाई बचाउन सक्ने स्थिति नदेखेरै आफूहरुलाई देशमा राजतन्त्रको खाँचो रहेको महशुस भइरहेको बताए ।

## तास खेलिरहेको अवस्थामा १० जना पक्राउ

कैलाली । लम्कीचुहा नगरपालिका-१० तिघ्री बस्ने चन्द्र देबकोटाको घरमा तास खेलिरहेको अवस्थामा देबकोटा समेत १० जनालाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ । देबकोटाको घरमा तास खेलिरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय कैलाली र ईलाका प्रहरी कार्यालय लम्कीबाट खटिएको प्रहरीले उनीहरुलाई नगद ९० हजार ८ सय ५० रुपैयाँ र ५ गड्डी तास सहित पक्राउ गरेको हो ।

## नियन्त्रित लागूऔषधसहित दुई जना पक्राउ

मोरङ । विराटनगर महानगरपालिका-१६ दरैया बस्तीबाट नियन्त्रित लागूऔषध दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । डाईलेक्स डिसी ३ बोतलसहित सोही महानगरपालिका-१० तिनटोलीया बस्ने ४८ वर्षीय कुशल विश्वास र ३७ वर्षीय अशोक रायलाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरीले को.१५ प ८३७० नम्बरको मोटरसाइकल जाँच गर्दा उक्त लागूऔषध फेला पारी मोटरसाइकल सहित उनीहरुलाई पक्राउ गरेको हो ।

## मोरङमा कोरोनाबाट एकै दिन ८ को मृत्यु

विराटनगर । कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट मोरङ जिल्लामा एकै दिन आठ जनाको मृत्यु भएको छ । मोरङका विभिन्न कोभिड अस्पतालहरुमा उपचाररत रहेका संक्रमितहरुमध्ये आठ जनाको मंगलबार मृत्यु भएको हो । विराट शिक्षण अस्पतालमा ४, न्यरोमा २, नोवेल शिक्षणमा १ र कोसी अस्पताल कोभिड-१९ उपचार केन्द्रमा १ जना गरी मंगलबार मात्रै ८ जनाको कोरोनाबाट ज्यान गरेको हो ।

## नागमणि दिने भन्दै ठगी गर्ने तीन जना पक्राउ

बाँके । नागमणि दिने भन्दै विभिन्न प्रलोभनमा पारी १ करोड ८९ लाख ५० हजार रुपैयाँ ठगी गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा दैलेख नौमुले गाउँपालिका-४ घर भएका ३५ वर्षीय धन बहादुर रोका, सल्यान कुमाख गाउँपालिका-५ घर भएका ३१ वर्षीय कृष्ण शाह र सल्यान शारदा नगरपालिका-९ घर भएका ३० वर्षीय डिल्ली बहादुर बोहरा रहेका छन् । जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले उनीहरूलाई ठगी गरेको ४० लाख रुपैयाँ सहित नेपालगञ्ज उपमहानगरपालिका-१ बाट शनिबार पक्राउ गरेको हो । अनुसन्धानको क्रममा उनीहरूले दाङ घोराही उपमहानगरपालिका-१७ बस्ने माधव प्रसाद घिमिरेलाई हामीसँग बहुमुल्य नागमणि छ, उक्त नागमणि आफुसाथ राख्दा यसको धार्मिक महत्व हुनुका साथै व्यापार व्यवसाय राम्रो हुन्छ, घरमा लक्ष्मीको बास हुन्छ, परिवारका सदस्यको आयु लामो हुन्छ, घर परिवारमा सुःखशान्ति, सम्बृद्धि हुन्छ भनि ललाई फकाई प्रलोभनमा पारी उक्त रकम ठगी गरेको खुल्न आएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

## १६ जना पक्राउ

कैलाली । लम्कीचुहा नगरपालिका-७ स्थित कुस्माखर देवकोटाको घरमा जुवातास खेलिरहेका १६ जनालाई बुधबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सोही नगरपालिका-४ बस्ने ३५ वर्षीय मनि प्रकाश कुमार जैसी, ३१ वर्षीय गणेश प्रसाद न्यौपाने, ५८ वर्षीय चन्द्र प्रसाद न्यौपाने, २५ वर्षीय रमेश विष्ट, ३५ वर्षीय कमल प्रसाद जैसी, ३३ वर्षीय दयाराम न्यौपाने, ३० वर्षीय भानु प्रसाद जैसी, २५ वर्षीय ईश्वर शर्मा, ३१ वर्षीय नरदेव चौलागाईं, सोही नगरपालिका(७ बस्ने २२ वर्षीय देवेन्द्र रावत, ५० वर्षीय तारा ढकाल, ४० वर्षीय रुपानन्द बजगाईं, ३२ वर्षीय राम बहादुर चौधरी, ३० वर्षीय लक्ष्मी आचार्य, ४२ वर्षीय जनक भण्डारी, ३२ वर्षीय कुष्माखर देवकोटा रहेका छन् । ईलाका प्रहरी कार्यालय लम्कीबाट खटिएको प्रहरीले तास खेलिरहेको अवस्थामा उनीहरूलाई नगद ५२ हजार ३ सय ९५ रुपैयाँ र २ गड्डी ताससहित फेला पारी पक्राउ गरेको हो ।

## जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी पक्राउ

कैलाली । जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी भजनी नगरपालिका-५ बस्ने दिर्घ बहादुर कामीलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । जबरजस्ती करणी मुद्दामा कैलाली जिल्ला अदालतको २०७४ मंसिर २४ गतेको फैसलाले ११ वर्ष कैद सजाय भई फरार दिर्घ बहादुरलाई ईलाका प्रहरी कार्यालय भजनीबाट खटिएको प्रहरीले सोही ठाउँमा फेला पारी पक्राउ गरेको हो । उनलाई आवश्यक कारबाहीका लागि जिल्ला अदालत कैलालीमा पेश गरिएको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ ।

## आगलागीबाट अढाइ लाखको क्षति

कपिलवस्तु । यशोधरा गाउँपालिका-५ नन्वा बस्ने आशिया खातुनको घरमा खाना पकाउने क्रममा मंगलबार दिउँसो आगलागी भएको छ । सो आगलागीबाट घर पूर्ण रूपमा जलेर करिब २ लाख ५० हजार रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ ।

शुभ दीपावली, छठ–२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई–दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**बेचन दास**
**मेयर**
**विदेह नगरपालिका, धनुषा, प्रदेश २**

शुभ दीपावली, छठ–२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई–दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शिवनारायण साह**
**मेयर**
**डाक्नेश्वरी नगरपालिका, सप्तरी, प्रदेश २**

नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

**यसबाट बच्ने उपायहरु :**

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

शुभ दीपावली, छठ–२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई–दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**कौशल किशोर यादव**
**मेयर**
**कविलासी नगरपालिका**
**सर्लाही, प्रदेश २**

नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

**यसबाट बच्ने उपायहरु :**

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

शुभ दीपावली, छठ–२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई–दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विक्रम चौधरी**
**अध्यक्ष**
**पिपरा गाउँपालिका**
**महोत्तरी, प्रदेश २**

स्थानीय सम्वाद

# टेष्ट नहुँदा कोरोना छैन जस्तो देखिएको हो



**रामानन्द चौधरी**
**वडाध्यक्ष, तिरहुत गाउँपालिका–५, सप्तरी**

**० तिरहुत गाउँपालिकामा कोरोना भाइरस (कोभिड–१९) को अवस्था के छ ?**
– हाम्रो तिरहुत गाउँपालिकामा अहिले कोरोना भाइरस खासै छैन । हाम्रो गाउँपालिकाको सीमा क्षेत्रमा रहेका बासिन्दाहरुमा कोरोना बढी देखिएको थियो । यस गाउँपालिकामा लगभग २०-२५ जनालाई कोरोना संक्रमण भएको थियो, तर सबै निको भएर घर फर्किसकेका छन् । कोरोना सुरुवाती अवस्थामा हामीले टोल-टोलमा बसेर कोरोनाबाट कसरी बच्ने उपायहरुबारे जनचेतना फैलायौं । साथै बाल्टिन, साबुन, मास्क, सेनिटाइजर लगायतका सामग्रीहरु प्रत्येक घर-घरमा वितरण गऱ्यौं ।

**० अहिलेको अवस्थामा तिरहुत गाउँपालिका कोरोनारहित छ ?**
– अहिलेको अवस्थामा निश्चितरुपमा निरहुत गाउँपालिका कोरोनारहित नै हो । अहिले हाम्रो गाउँपालिकामा एक जना पनि कोरोना संक्रमित छैन । तर, यहाँ अहिले कोरोना टेष्ट भइरहेको छैन । टेष्ट हुँदा पक्कै पनि एक दुई जना संक्रमित फेला पर्छन् नै । टेष्ट नहुँदा यहाँ कोरोना छैन जस्तो देखिएको छ । तैपनि हामीले यहाँका दैनिक कामकाजहरु पूर्ण सावधानी अपनाएरै अगाडि बढाइरहेका छौं ।

**० नेपाल सरकारले घोषणा गरेको लकडाउनको अवधिमा अति विपन्न तथा दैनिक ज्यालादारी गर्नेहरुको अवस्था कस्तो रहयो ?**
– लकडाउनको अवधिमा धनी-गरीब सबैको कामकाज ठप्प भएको थियो, त्यतिखेर सबैलाई हातमुख जोर्न धौं-धौं परिरहेको थियो । हाम्रो तिरहुत गाउँपालिका-५ लोहजारामा १३ सय ६५ घरधुरीलाई १५ केजी चालम, एक केजी नुन, एक केजी दाल, एक लिटर तेल र साबुन लगायतका राहत सामग्रीहरु वितरण गरेका थियौं । त्यसपछि दोस्रो चरणमा हामीले दलित सरोकार मञ्चबाट सहयोग लिएर दलितहरुका लागि मात्रै प्रतिपरिवार २५ केजी चामल, १० केजी आटा, एक केजी नुन, एक केजी तेल, दाल, साबुन लगायतका सामानहरु वितरण गरेका थियौं । जसले गर्दा हाम्रो वडाका अतिविपन्न तथा दैनिक ज्यालादारी गर्नेहरुलाई अप्ठ्यरो भएन ।

**० कोरोना रोकथाममा प्रदेश सरकारको कस्तो भूमिका छ ?**
– प्रदेश सरकारले सप्तरी जिल्लाको राजविराजमा पीसीआर टेष्ट गर्ने मेसिन राखेको छ । तर, त्यो पनि राम्ररी सञ्चालन भइरहेको छैन । कहिले बिग्रेको हुन्छ, कहिले राम्ररी सञ्चालनै भइरहेको हुँदैन । एकदम जर्जर अवस्था छ । कोरोना रोकथाममा प्रदेश सरकारले राम्रोसँग पहल गरिरहेको छैन । प्रदेश सरकारले प्रत्येक स्थानीय तहमा किट पठाउनुपर्ने, व्यापकरुपमा स्वाब संकलन गर्नुपर्ने, घरपिच्छे चेकजाँच गर्दा राम्रो हुन्छ । प्रदेश सरकारले राहतको प्याकेज पनि पठाउँदा जहाँ ७-८ हजार जनसंख्या छ, त्यहाँ ६५ जनाको दरले मात्रै पठायो । प्रदेश सरकारले गफा मात्रै हाँकेर बसिरहेको छ । प्रदेश सरकारसँग हामीले पहल गरेपनि कुनै चाँसो देखाएको छैन । प्रदेश सरकारले जहिले पनि गुनासो गर्छ कि संघीय सरकारले सहयोग गरेन । संघीय सरकारलाई मात्रै किन दोष दिनु ? प्रदेशसँग भएका बजेटहरु राम्ररी परिचालन गरेको भए त्यसले प्रदेशलाई पुग्छ । यो कोरोनाकालमा विकासे कामहरु पनि भएन, ती बजेटहरुलाई कोरोनामा खर्च गरेको भए संघीय सरकारको मुख ताकेर बस्ने अवस्था नै आउने थिएन ।

**० तपाइँ वडाध्यक्षको रुपमा निर्वाचित तीन वर्षभन्दा बढी समय बिताइसक्नुभयो । जनताले अनुभूति गर्ने के-कस्ता कामहरु गर्नुभयो त ?**
– जनताले अनुभूति गर्ने खालका थुप्रै कामहरु हामीले गरेका छन् । जुन कामबाट जनताले पनि प्रशंसा गरिरहेका छन् । जस्तै म आफै जुन विद्यालयमा पढेको छु, सरस्वति जनता निमाविलाई मावि बनाए । निजी स्रोतबाट शिक्षकहरु राखेर एसईईको परीक्षा पनि सञ्चालन गरायौं । हाम्रा क्षेत्रीय सभापति वीरबल बिराजीले शिलान्यास गर्नुभएको सडक जीर्ण अवस्थामा थियो, त्यो सकडलाई स्तरोन्नति गरेर विस्तार गरेका छौं ।

**० निर्वाचनका बेला तपाईंले गर्नुभएको प्रतिबद्धताहरु कतिको पूरा भयो त ?**
– मैले गरेको प्रतिबद्धतामध्ये लगभग ६५ प्रतिशत मात्रै पूरा भएको छ । बाँकी रहेका ३५ प्रतिशत प्रतिबद्धता हामीले यही कार्यकालभित्र पूरा गर्नेछौं । यसैगरी, गाउँपालिकाको मापदण्डअनुसार सडकहरुलाई विस्तार गर्ने प्रतिबद्धता पनि पूरा भइरहेको अवस्था छ । हामी सडकलाई कालोपत्रे त गर्न सक्दैनौं । कतिपय अवस्थामा जनप्रतिनिधिहरुबीच नै विभिन्न विवादका कारण विकासे बजेटहरु फ्रिज हुने अवस्था देखिएको छ । विकासे बजेट पनि राजनीतिकरण हुन थालेपछि विभिन्न समस्याहरु आउँछन् ।

**० स्थानीय निर्वाचनपश्चात् सिंहदरबार गाउँ-गाउँमा भनिन्थ्यो, वास्तवमा कार्यान्वयनमा देखिन्छ त ?**
– सिंहदरबार गाउँ-गाउँमा त गएकै हो । तर विडम्बनाको कुरा के छ भने सम्पूर्ण कार्यवाहक प्रमुख प्रशासकीय अधिकृतलाई दिँदा त्यसले भार थाम्न नसकेर विभिन्न किसिमको समस्याहरु आउने गरेका छन् । जहाँ १०-२० जना प्रशासनिक कर्मचारीको दरबन्दी छ, त्यहाँ १-२ जना मात्रै खटाइएको छ । गाउँको सिंहदरबारमा जनताले जति सुविधा पाउनुपर्ने थियो, त्यसमा प्रमुख प्रशासकीय अधिकृतको सरुवा-बढुवाले गर्दा समस्या आउने गरेको देखिन्छ । उनीहरुले आफ्नो रवाना आफै लिन्छन्, वडाध्यक्षहरुसँग कुनै किसिमको सोधपुछ गर्दैन । जसले गर्दा सिंहदरबारको सम्पूर्ण कार्य स्थानीय तहमा भइरहेको छैन ।

## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

**प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**प्रदेश नं. २, धनुषा, नेपाल**
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com

## आन्दोलनको चेतावनी

काठमाडौं । पहिचानमा आधारित संघीय गठबन्धनले संघीयता संस्थागत गर्न संविधानको धारा २७४ लगायत सम्पूर्ण पहिचानविरोधी धारा/उपधाराहरु र अनुसुची ४ संशोधन गर्नुपर्ने माग राखेको छ । गठबन्धनले सरकारलाई एक महिनाको अल्टिमेटम दिएको छ । त्यसबेलासम्मपनि माग पूरा नगरे देशव्यापी सशक्त आन्दोलन गर्ने गठबन्धनको चेतावनी छ । आइतबार काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गरेर गठबन्धनले विभिन्न ५ बुँदे माग अघि सारेको हो । उसले अघि सारेका मागहरुमा थरुहट आन्दोलनका क्रममा टीकापुर घटनापश्चात् षड्यन्त्रपूर्वक विभिन्न अभियोगमा झुठा मुद्दा लगाइ फसाईएका थरुहट राजबन्दीहरू कैलाली क्षेत्र नम्बर १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य रेशमलाल चौधरीलगायत थरुहट असान्दोलनकारी सबैको झुठा मुद्दालाई सरकारले मुद्दा फिर्ता, खारेजी गरी बन्दीहरूलाई निःसर्त रिहाइ गर्नुपर्ने, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धी ( आई.एल.ओ.-१६९), आदिवासी जनजातिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र-२००७ ले प्रदत्त गरेका हक अधिकारको प्रभावकारी कार्यान्वयनसहित आदिवासी जनजातिहरुको परम्परागत कानुनी मूल्य मान्यता दिनुपर्ने, कोरोनाबाट प्रभावित जनताहरुको उचित स्वास्थ्य जाँच निःशुल्क रुपमा गर्नुपर्ने र सरकारले व्यापक रूपमा गर्दै आइरहेको संस्थागत भ्रस्चाचारहरुलाई तत्काल बन्द गर्नुपर्ने तथा जनताको जीवन निर्वाहलाई ध्यानमा राखि कोरोना प्रभावितहरुलाई क्षतिपूर्तीसहितको आर्थिक सहयोग गर्नुपर्ने रहेका छन् । गठबन्धनले यी मागहरुको तत्काल संम्वोधन गर्न सरकारलाइ एक महिनाको अल्टिमेटम दिएको छ । गठबन्धनले जारी गरेको विज्ञप्तीमा भनिएको छ,'यदि हाम्रा यी जायज मागहरुलाई बेवास्ता गरे, कोरोनाको कहरबीच पनि जनताको अधिकार सुनिश्चितका लागि हामी मंसीर २० गते काठमाण्डौंमा एक वृहत कोणसभा गर्दै आन्दोलनको वृहत तयारीका साथ कार्यक्रमहरुको तिथि/मिति सहित जनतामा जाने छौं ।'

## सार्वजनिक यातायातको मनपरी, ट्राफिक महाशाखा मौन

काठमाडौं । सार्वजनिक यातायातले यात्रुसँग मनपरी किसिमले भाडा असुल्ने गरेको कुरा कसैसँग लुकेको छैन । एकातर्फ मनपरी भाडा असुल्ने गरेको छ भने नेपाल सरकारले गरेको निर्णयसमेत सार्वजनिक यातायातले पालना नगरेको आरोप सार्वजनिक सुधार अभियन्त प्रेमबहादुर थापाले लगाएका छन् । उनले सार्वजनिक यातायातले गर्दै आएको कानूनविपरीत कार्यको अनुगमनसमेत सम्बन्धित निकायबाट नभएको गुनासो गरेका छन् । '२०७५ साल बैशाख ४ गतेको मन्त्रिपरिषद्को बैठकले २०३० ऐन अन्तर्गत दर्ता भएका यातायात समिति खारेज गरेर कम्पनीमा दर्ता गर्ने निर्णय गरेको थियो । तर अहिलेसम्म पनि यातायात समितिको लेटरपेड अनुसार नै भाडादर राखिएको छ ।' उनले भने, 'सरकारले निर्णय गरिसकेपछि त्यसको कार्यान्वयन नभइरहेकोले ट्राफिक महाशाखासमेत यसप्रति कुनै चाँसो राखेको छैन ।' सार्वजनिक यातायातमा त्यहीं लेटरपेठमा भाडादर टाँसिएको हुँदा पनि त्यसलाई ट्राफिक प्रहरीले कुनै कारबाही नगरेको गुनासो उनको छ । यसैगरी सार्वजनिक यातायातमा सरकारले तोकेको भाडादरअनुसार यात्रुसँग भाडा लिएको वा नलिएको भन्ने सोधपुछ कहिल्यै पनि नगरिएकोले सरकारले यसप्रति ध्यान दिनुपर्ने माग थापाले गरेका छन् । यसैगरी, विद्यार्थी, अपाङ र ज्येष्ठ नागरिकलाई सरकारले सार्वजनिक यातायातमा छुट दिनु भनिएपछि यसको प्रभावकारी कार्यान्वयन भएको बताउँछन् । कतिपय सार्वजनिक यातायातको नम्बरप्लेटसमेत राम्ररी नबुझिएको पनि उनको गुनासो छ ।

## विश्व परिवेश

# जिहादी बन्न प्रेरित गर्ने पुस्तक अफगानिस्तानमा पुऱ्याइयो

इस्लामावाद । पाकिस्तानको जासुसी एजेन्सी आईएसआईले जिहादमा सहभागि हुन उत्प्रेरित गर्न प्रकाशित गरेको पुस्तक अफगानिस्तानको दक्षिणी प्रान्तमा वितरण गरिएको छ । आईएसआईले अफगानिस्तानको दक्षिणी प्रान्तका स्थानीय अफगानीहरुलाई जिहादमा सहभागी हुन "उत्प्रेरित" गर्न २० हजार प्रति पुस्तक वितरण गरिएको हो। पाकिस्तान र अफगानिस्तानको सीमा क्षेत्र तोरखाम क्षेत्रबाट सीमा पार ती पुस्तक पठाइएको सुरक्षा स्रोतहरुलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय संचारमाध्यमहरुले जनाएका छन् । अन्य अफगान प्रान्तहरु पनि उक्त पुस्तकहरु वितरण गरिएको मिडिया रिपोर्टमा उल्लेख छ ।

यसभन्दा पहिले उत्तरी र मध्य प्रान्तहरूमा प्रान्तीय कर्मचारीहरू र स्थानीयहरूलाई रोजगार छोड्न र तालिबानको साथमा जानको लागि पत्रहरु वितरण गरिएको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यस वर्ष क्रिसमससम्ममा सबै अमेरिकी सेना फिर्ता लिने कुरा गरेपछि पछिल्लो घटनाक्रम विकास भइरहेको हो । सन् १९९० को दशकमा पाकिस्तानले तालिवानलाई समर्थन गरेको थियो र तालिवान सरकारलाई मान्यता दिने थोरै देशहरूमध्ये एक पाकिस्तान थियो ।

इन्ट्रा अफगान वार्ताका अफगान सरकारका वरिष्ठ वार्ताकारले अफगानिस्तानमा सन् १९९० को कुनै पनि कुरा नसमेटिने बताएका छन् ।

यसैबीच, अफगान सेनाले ४७७८ आईईडीहरू पत्ता लगाइ निष्क्रिय पार्न सफल भएको छ, जुन अराजकता फैलाउन तालिबानले प्रयोग गरेको थियो । आईइडीहरूमा प्रयोग हुने अमोनियम नाइट्रेट र सेतो फस्फोरसको स्रोत पाकिस्तान रहि आएको छ ।

अफगानिस्तानका अधिकारीहरूले यो कुरा पाकिस्तानी समकक्षीहरूसमक्ष उठाउँदा उनीहरूले यस विषयमा अनुसन्धान गर्ने आश्वासन दिएका थिए । अफगानिस्तानमा संयुक्त राष्ट्र सहायता मिसन (युनेमा) का अनुसार दक्षिणी अफगानिस्तानमा पीडित धेरैजसोलाई सरकार विरोधी तत्वहरूले प्रभावकारी विस्फोटक उपकरणहरू (आईईडी) प्रयोग गरेर प्रभावित गरेका छन् ।

भारतीय मिडियाहरुका अनुसार पाकिस्तानको आईएसआईले तालिम दिएका करीव ५० अफगानी आतंककारीहरुलाई भारत प्रवेश गर्न भारत पाकिस्तान सीमामा पठाएको छ । अफगानिस्तानको नेतृत्व र अफगानिस्तानका लागि अमेरिकी विशेष दूत जल्मयी खलीलजादसँगको वार्तामा नयाँ दिल्लीले पाकिस्तानले अफगान क्षेत्रलाई भारत बिरूद्ध आतंकवादी तालिम दिन प्रयोग गरिरहेको विषय उठाएको थियो ।

# क्षेप्यास्त्र हमलाका लागि विशेष अमेरिकी डेटा प्रयोग गर्न सक्ने

नयाँ दिल्ली । भारत र अमेरिकाबीच दिल्लीको हैदरावाद हाउसमा विदेशमन्त्री र रक्षामन्त्री स्तरीय २२ बैठक सम्पन्न भएको छ । बैठकका क्रममा दुई मुलुकबीच 'बेसिक एक्सचेन्ज एन्ड को-अपरेशन एग्रिमेन्ट' भएको छ ।

सम्झौताअनुसार भारतले क्षेप्यास्त्र हमलाका लागि विशेष अमेरिकी डेटा प्रयोग गर्न सक्नेछ । यसको प्रयोगबाट कुनै पनि क्षेत्रमा सटिक निशाना लगाउन सकिन्छ । संयुक्त पत्रकार सम्मेलनमा अमेरिकी विदेशमन्त्री माइक पोम्पियोले भने, 'आज हामी युद्ध स्मारक गएका थियौँ, हामीले ती वीर जवानप्रति श्रद्धाञ्जलि अर्पण गऱ्यौँ जसले भारतका लागि आफ्नो प्राण दिए । उनीहरुमा ती २० जवान पनि सामेल थिए जसलाई गलवानमा चीनले मारेका थियो । भारत आफ्नो अखण्डताका लागि तमाम खतरासँग लडिरहेको छ र हामी भारतको साथ छौँ ।'

भारतीय रक्षामन्त्री राजनाथ सिंहले भने- भारत र अमेरिकाबीच सैन्य सहयोग बढ्दै गएको छ । समुद्री क्षेत्रमा सहयोगका लागि छलफल भयो । रक्षा क्षेत्रमा 'आत्मनिर्भर भारत' अमेरिकासँगको हाम्रो सहयोगको केन्द्रमा छ । दुवै देशबीच व्यापार र प्रविधि आदान-प्रदान हुनेछ । हामी सबै देशको स्वतन्त्रता, शान्ति र सम्प्रभुताका समर्थक हौँ ।

अमेरिकी रक्षामन्त्री मार्क एस्परले भने- भारतसँग हामीले साइबर र अन्तरिक्ष वार्ताबारे चर्चा गरेका छौँ । समुद्री क्षेत्रमा सुरक्षाका विषयमा चर्चा भयो । आगामी दिनमा अस्ट्रेलिया, जापानसँग संयुक्त अभ्यासमा सामेल हुनेछौँ । रक्षा सम्झौताअन्तर्गत 'जिओ स्पेश इन्फर्मेसन' आदान-प्रदान गर्नेछौँ । रक्षा प्रविधि सहयोग अन्तर्गत हामीले हेलिकप्टर र लडाकु विमानका सम्बन्धमा छलफल गरेका छौँ ।

भारतीय विदेशमन्त्री एस जयशंकरले भने- अमेरिकासँग 'ग्लोबल स्ट्रेटेजिक पार्टनरशीप' बारे छलफल भएको छ । विज्ञान र प्रविधिमा सहयोगसम्बन्धी छलफल भएको छ । भारत र अमेरिका अन्तर्राष्ट्रिय सहयोगका लागि तयार छन् । दुवै देशले 'क्रस बोर्डर आतंकवाद' स्वीकार्य छैन भन्ने कुरालाई आत्मसात् गरेका छन् ।

## चीनलाई काउन्टर गर्न छिमेकीसँग सम्बन्ध सुदृढीकरण जरूरी : आरएसएस प्रमुख भागवत

काठमाडौँ । भारतको सत्तारुढ भारतीय जनता पार्टीको नीति निर्माणमा प्रभाव पार्ने राष्ट्रिय स्वयंसेवक संघ(आरएसएस) का प्रमुख मोहन भागवतले चीनलाई चुनौती दिन नेपाल लगायतका छिमेकी मुलुकहरुसँगको सम्बन्धलाई अझ सुदृढ बनाउनुपर्ने बताएका छन् ।

आरएसएसले प्रत्येक बर्ष विजयादशमीको उपलक्षमा आयोजना गर्ने बार्षिक कार्यक्रमलाई भारतको नागपुरमा सम्बोधन गर्दै उनले चीनले लद्धाखमा भारतीय भूमि मिचेको भनी कडा शब्दमा आलोचना गरे । उनले भने, 'हाम्रा सेनाले चीनलाई एकदमै ठूलो जवाफ दिएका छन् । हामी देशभक्तहरु एक ठाउँमा उभिएका छौ ।'

उनले अगाडि भनेका छन्, 'हामीले हाम्रो रणनीतिक तयारी, आर्थिक शक्ति, अन्तर्राष्ट्रिय सम्बन्धलाई सुधार गरेर चीनभन्दा शक्तिशाली हुन आवश्यक छ र हामीले छिमेकीसँग अझ पहुँच बनाउन आवश्यक छ ।'

भागवतले छिमेकी मुलुकहरु म्यानमार, बंगलादेश, श्रीलंका, नेपाल, लगायतका मुलुकहरुसँग सम्बन्ध सुदृढ बनाउनुपर्ने पनि बताए । 'उनीहरु हजारौ बर्षदेखि धेरै कुरामा हामी जस्तै छन् । हामी उनीहरुसँग तत्कालै जोडिनुपर्छ । छिमेकीसँग केही विवाद र फरकपन जहिले पनि हुन्छ तर त्यसलाई हामीले छिटै स्पष्ट पार्ने प्रयास गर्नुपर्छ' उनले भने ।

## एयरलाइन्सलाई २५० बिलियन नोक्सान

इस्लामावाद । युरोपियन युनियन र संयुक्त अधिराज्य बेलायतले पाकिस्तान अन्तर्राष्ट्रिय एयरलाइन्स (पीआईए) लाई आफ्नो भूभागमा प्रवेशमा प्रतिबन्ध लगाएपछि पीआईएलाई २५० बिलियन रुपैयाँ नोक्सान भएको छ । पीआईएका प्रवक्ताले युरोप र बेलायतका लागि उडान स्थगित भएको कारण राष्ट्रिय एयरलाइन्सले मासिक ९ बिलियन रुपैयाँ घाटा बेहोरिरहेको बताएका छन् । प्रवक्ताले एयरलाइन्समाथिको प्रतिबन्धलाई निरन्तरता दिइएमा मासिक ५४ बिलियनसम्मको नोक्सान बेहोर्नुपर्ने स्थिति सिर्जना हुने बताएका छन् । युरोपियन युनियनको एयर सेफ्टी एजेन्सीले पीआईएको उडानमा जुलाई १ देखि ६ महिनाका लागि स्थगित गरेको थियो । पीआईएका २६२ जना पाइलटहरूको परिचयपत्र र लाइसेन्स नक्कली भएको सार्वजनिक भएपछि पीआईएको उडानमा प्रतिबन्ध लगाएको थियो । उक्त खुलासापछि, भियतनामले २७ पाकिस्तानी पाइलटले चलाइरहेका विमानहरु ग्राउन्डेड गरेको छ । विश्वका सबै ठूला एयरलाइन्सले पनि पाकिस्तानी पाइलटहरूलाई उडानमा रोक लगाउन थालेका छन् । बेलायतले कुनै पनि पाकिस्तानी विमान उडान र ल्यान्ड गर्न नपाउने निर्णय गरेको छ । यही महिनाको सुरुमा पीआईएले ५४ कर्मचारीलाई नक्कली डिग्री, ड्रग्स दुरुपयोग र खराब प्रदर्शन गरेको कारण बर्खास्त गरिएको छ । राष्ट्रिय ध्वजावाहकले बर्खास्त गरेको ५४ जना कर्मचारीमध्ये सात जनालाई फर्जी डकुमेन्ट भएको भन्दै बर्खास्त गरिएको हो । आठ जना अनुपस्थित रहेको, दुईलाई घुस लिएको, चारलाई अनैतिक कामका लागि र एक जना नशालु पदार्थको सेवन गरेको भन्दै बर्खास्त गरिएको थियो ।


## स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सन्देश

**चाडपर्वको बेला खरीद गर्दा विचार गर्नुपर्ने कुराहरु:**

- सकभर अनलाईन सेवाबाट सामग्री खरीद गरौं।
- सामग्री खरीद गर्न घरबाट बाहिर निस्कन परेमा अनिवार्य रुपमा मास्कको सहि तरिकाले प्रयोग गरौं।
- दैनिक उपभोग्य सामानहरु नजिकैको पसलबाट खरीद गरौं। भीड नभएको बेला पारेर जाने गरौं।
- पसलमै गएर किनमेल गर्दा अनिवार्यरुपमा मास्कको सहि तरिकाले प्रयोग गर्नुका साथै भौतिक दुरी कायम गरौं।
- किनमेल गर्नु अघि र गरिसकेपछि साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग अनिवार्यरुपमा गरौं।
- किनमेल गरेर घरमा प्रवेश गर्दा राम्रो सँग २० सेकेन्ड सम्म मिचीमिची साबुनपानीले हात धोऔं।
- सम्भव भएसम्म दैनिक उपभोग्य सामग्रीहरु १ हप्ताको लागि पुग्ने गरी किनौं।
- भुक्तानी गर्दा विद्युतीय पद्धति/कार्डहरु प्रयोग गरेर भुक्तानी गरौं।
- सकभर खुद्रा पैसा लिएर किनमेल गर्न जाऔं।
- बाहिरबाट आएपश्चात कसभर नुहाउने, सम्भव नभए हात, मुख र गोडाहरु राम्रोसँग साबुन पानीले मिचीमिची धोऔं।
- लामो समय र भीडभाडमा बाहिर जाँदा लगाएका कपडाहरु छुट्टै राख्ने र धोए पछि पुन: प्रयोग गर्ने गरौं।
- कामका सिलसिलामा नियमित बाहिर गईरहनु पर्ने व्यक्तिहरु घरमा बस्ने परिवारका सदस्यहरुसँग सकेसम्म न्युनतम भौतिक दुरी कायम गर्ने गरौं।
- आफुले प्रयोग गर्ने सवारी साधनको बढी प्रयोग हुने ठाउँहरु नियमितरुपले क्लोरिन घोल वा स्यानिटाइजरले सफा गरौं।

**व्यापारी वर्गहरुमा समेत विशेष अनुरोध**

- पसलहरु बिहान सबेरैदेखि अबेरसम्म खुल्ला राखौं। यसले गर्दा सेवाग्राहीहरु फरक फरक समयमा आई खरिद गर्न सक्ने हुँदा भीडभाड कम गर्न मद्दत पुग्नेछ ।
- पसलमा आउने सबै ग्राहकहरुलाई मास्क सहि तरिकाले प्रयोग गर्न, भौतिक दुरी, हातको सरसफाई गर्न प्रोत्साहित गर्ने र सो सम्बन्धि जानकारी सबैले देख्ने ठाउँहरुमा राखौं ।

कोभिड-१९ बाट आफू बचौं र अरुलाई पनि बचाऔं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**
सञ्चारग्राम, काठमाडौं ।


## कलेजमा नेपालको कोटा बढाइने

काठमाडौं । भारतले नेपाल लगायत छिमेकी मुलुकका सेनाका अफिसरलाई आफ्नो नेसनल डिफेन्स कलेजमा थप कोटा दिने घोषणा गरेको छ । नया दिल्लीमा संवाददाताहरुसँग कुरा गर्दै रक्षा मन्त्रालयका सचिव अजय कुमारले सन् २०२१ मा १० कोटा वृद्धि गर्ने र सन् २०२२ मा थप १० कोटा वृद्धि गर्ने घोषणा गरेका छन् । उनका अनुसार नेपाल, म्यानमार र बंगलादेशले थप कोटा प्राप्त गर्नेछन् । त्यसैगरी भारतले अब ताजकिस्तान, इन्डानेसिया, माल्दिभ्स, उज्बेकिस्तान र फिलिपिन्सका लागि पनि यो कोर्स खुला गर्ने भएको छ । भारतको सो कोर्स सन् १९६१ मा २१ सहभागीबाट शुरु भएको हो । अहिले प्रत्येक वर्ष १०० जनालाई सो कोर्स प्रदान गरिन्छ र २५ कोटा विदेशी विद्यार्थीलाई छुट्याइएको छ । यो कलेजमा ४७ हप्तासम्म राष्ट्रिय सुरक्षा र रणनीति सम्बन्धी अध्ययन हुन्छ । सेना उच्च अधिकारीसँगै अन्य सामान्य नागरिकले पनि यो कोर्स लिन सक्छन् ।

## नरवणेलाई नेपालमै बनेको मास्क र गौतम बुद्धको प्रतिमा उपहार

काठमाडौं । प्रधानसेनापति पूर्णचन्द्र थापाले भारतीय समकक्षी मनोज मुकुन्द नरवणेलाई नेपालमा निर्मित एक लाख थान मास्क र गौतम बुद्धको प्रतिमा उपहार दिएका छन् । सैनिक जङ्गी अड्डामा बिहीबारे भएको भेटमा थापाले नरवणेलाई ती सामग्री प्रदान गरे । भारतीय सेनाध्यक्ष नरवणेले भने एम्बुलेन्स, भेन्टिलेटरसहित स्वास्थ्य सामग्रीहरु प्रदान गरेका छन् । औपचारिक भ्रमणका क्रममा बुधबार नेपाल आइपुगेका नरवणे शुक्रबार स्वदेश फर्कदैछन् ।

## जिल्ला समाचार

### घरघरमै सामाजिक सुरक्षा भत्ता वितरण

नेपालगञ्ज । बाँकेको डुडुवा गाउँपालिकाले घरघरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण सुरु गरेको छ । नयाँ आर्थिक वर्ष २०७७/०७८ को प्रथम चौमासिक अन्तर्गत साउनदेखि कार्तिकसम्मको भत्ता वितरण सुरु गरिएको हो । चाडपर्वलाई लक्षित गरी गाउँपालिकाको ६ वटै वडामा शुक्रबारदेखि भत्ता वितरण सुरु गरिएको छ । गाउँपालिका अध्यक्ष नरेन्द्रकुमार चौधरीले वार्ड नं. २ का जेष्ठ नागरिक बदलु शर्मालाई भत्ता वापतको रकम हस्तान्तरण गर्दै वितरण कार्यको शुभारम्भ गरे । उनले गाउँपालिकाले विगतदेखि नै जेष्ठ नागरिकको सम्मान गर्दै घरघरमा पुगेर रकम वितरण गर्दै आएको र अहिले चाडपर्व र कोरोना संक्रमणको महामारीका बेला उत्पन्न आर्थिक संकटको कम गर्नमा यो भत्ताले राहत दिने विश्वास व्यक्त गरे । प्रत्येक वडामा तीन जनाका दरले ६ वटै वडामा १८ वटा टोलीमा ७० जना कर्मचारी खटेर घरदैलोमा पुगेर भत्ता वितरण गरिरहेको गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत परशुराम उपाध्यायले बताए । उनका अनुसार, गाउँपालिकाको ६ वटै वडामा जेष्ठ नागरिक, बालबालिका, दलित, अपाङ्ग, एकल महिला, विधवा गरी तीन हजार नौ सय जनालाई सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछ । ७० वर्ष पुगेका जेष्ठ नागरिकलाई प्रतिमहिना तीन हजार, ६० वर्ष पुगेका जेष्ठ नागरिक दलित, ६० वर्ष पुगेका जेष्ठ नागरिक एकल, विधवालाई प्रतिमहिना दुई हजार, पूर्ण अपाङ्गता भएका व्यक्ति (क) वर्गलाई प्रतिमहिना तीन हजार, अपाङ्गता भएका व्यक्ति (ख) वर्गलाई प्रतिमहिना एक हजार ६ सय, ५ वर्ष मुनिका दलित बालबालिकालाई प्रतिमहिना चार सयका दरले रकम वितरण गरिने वडा सचिव शिवपाल मौर्यले जानकारी दिए । यसैगरि अपाङ्गत भएका व्यक्ति (ग) वर्गलाई प्रतिमहिना पाँच सय र (घ) वर्गलाई चार सय प्रतिमहिनाका दरले गाउँपालिकाले आफ्नै स्रोतबाट वितरण गरिरहेको छ । कोरोना संक्रमणको महामारीका बेला कर्मचारीहरुले स्वास्थ्य सुरक्षा र भौतिक दूरी कायम गरी घरदेलो अभियान अन्तर्गत रकम वितरण गरिरहेका छन् ।

### दलित समुदाय आन्दोलित

रौतहट । कर्तव्य ज्यान मुद्दामा पक्राउ परेर प्रहरी हिरासतमा मृत्यु भएका १९ वर्षिय विजय रामको घटनाका सम्बन्धमा हालसम्म पनि कारवाहि नभएको भन्दै रौतहटका दलित समुदाय आन्दोलित भएका छन् । साउन ३१ गते रौतहटको गरुडा नगरपालिका वडा नं. ८ जिगंडवाका २० वर्षिय निरजंन रामको घाटी रेटेर हत्या गरेको अभियोगमा पक्राउ परेका विजय राम महराको उपचारको क्रममा मृत्यु भएको थियो । हिरासतमा भएका व्यक्तिको मृत्यु भए पछि परिवारजन तथा स्थानीयले केही दिन सम्म प्रहरी विरुद्ध प्रर्दशन गरेका थिए । सोमबार सयौंको संख्यामा दलित समुदायले रौतहट सदरमुकाममा जुलुस प्रदर्शन गर्नुको साथै प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र समेत बुझाएका छन् । दलित युवाको हत्या गरेको अभियोग पत्र दर्ता भएको रौतहटका तत्कालीन एसपी रविराज खडका, डिएसपी ज्ञानकुमार महतोलगायतलाई कारवाही गर्नुपर्ने उनीहरूको माग छ । साथै निरन्जन राम र विजय रामलाई शहिद घोषणा गर्न माग गरेका छन् । माग पूरा नभए सशक्त आन्दोलन गर्ने उनीहरुको चेतावनी छ । दलित मारिएको घटनाका बारेमा गृहमन्त्रालयका उपसचिवको संजोजकत्वमा छानबिन समिति गठन भए पनि सो छानबिन समितिको प्रतिवेदन अनुसार तत्कालिन प्रहरी प्रमुखहरुलाई कारवाही नभएको भन्दै दलितहरुले गौरमा प्रर्दशन गर्दै प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाएका छन् ।

### बाँकेमा थप २ कोरोना संक्रमितको मृत्यु

नेपालगञ्ज । बाँकेको कोहलपुरस्थित शिक्षण अस्पतालमा उपचाररत कोरोना सङ्क्रमित दुई जनाको मृत्यु भएको छ । नेपालगञ्ज उपमहानगरपालिका-२० राँझा निवासी ६० वर्षीया महिला र टीकापुर नगरपालिका-१ कैलाली निवासी ६० वर्षीय पुरुषको शिक्षण अस्पताल कोहलपुरमा उपचारका क्रममा मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय बाँकेका कोरोना स्रोत व्यक्ति नरेश श्रेष्ठले जानकारी दिए । नका अनुसार, श्वासप्रश्वासमा समस्या भएपछि कात्तिक ८ गते अस्पताल भर्ना भएकी महिलामा परीक्षणका क्रममा कोरोना पुष्टि भएको थियो । सङ्क्रमित महिलालाई रोगको प्रकृतिअनुसार गरिनुपर्ने प्लाजमा थेरापीलगायत सबै प्रकारको उपचार दिँदै गर्दासमेत बिरामीको अवस्थामा सुधार नआएपछि शिक्षण अस्पतालको कोभिड आइसियुमा उपचारकै क्रममा गए राति मृत्यु भएको हो । यसैगरी, स्वास्थ्यमा समस्या देखिएपछि कात्तिक १४ गते शिक्षण अस्पताल कोहलपुरमा उपचारका लागि आएका कैलालीका ६० वर्षीय पुरुषमा कात्तिक १५ गते कोरोना पुष्टि भएको थियो । श्वासप्रश्वासमा समस्या भएका सङ्क्रमित पुरुषलाई रोगको प्रकृतिअनुसार गरिनुपर्ने सबै प्रकारका उपचार दिँदै गर्दासमेत बिरामीको अवस्थामा सुधार नआएपछि गए राति १ बजे शिक्षण अस्पताल कोहलपुरको कोभिड आइसियुमा उपचारकै क्रममा मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय बाँकेका कोरोना स्रोत व्यक्ति श्रेष्ठले जानकारी दिए ।

### रौतहटमा पहिलो पल्ट फुटसल प्रतियोगिता

रौतहट । हिमालीबास फुटसल युवा क्लबद्वारा आयोजित प्रथम गाउँ स्तरीय फुटसल प्रतियोगिताको उपाधि युथ स्टार हिमालीबास युवा क्लब निलोले जितेको छ । रौतहटको फतुवा विजयपुर-११ स्थित मैदानमा भएको फाइनलमा हिमालिबास फुटसल युवा क्लब रातोलाई युथ स्टार हिमालीबास युवा क्लब निलोले ३-२ गोलले पराजित गर्दै च्यायम्पियन बन्यो । युथ स्टार हिमालीबास युवा क्लबका दिवस श्रेष्ठले २ र विवस श्रेष्ठले १ गोल गरे भने हिमालिबास फुटसल युवा क्लबका मादुले र सरोज भुजेलले १-१ गोल गरे । युथ स्टारका दिवस श्रेष्ठ 'म्यान अफ द म्याच' घोषित भए । उनले प्रतियोगितामा सर्वाधिक ८ गोल गर्दै प्रतियोगितामा सर्वाधिक गोलकर्ताको उपाधि पनि प्राप्त गरेका छन् । साथै उनले नगद १५०० नगद पुरस्कार हात पारे। उपाधिसंगै युथ स्टारले १२ हजार नगद पुरस्कार, प्रमाणपत्र र मेडल हात पर्यो भने हिमालिबास फुटसल युवा क्लबले प्रमाणपत्र र मेडल हात पऱ्यो । विजेतालाई प्रमुख अतिथि पवन तिमल्सिना र सभापति डा. अर्जुन श्रेष्ठले दुवै टिमलाई पुरस्कृत गरे । दशैंको फूलपातीदेखि सुरु प्रतियोगितामा ४ टिम सहभागी थिए । प्रतियोगितामा अम्पायरको भूमिका समिर भुजेलले गरेका थिए भने साइड अम्पायरको रुपमा अनिल श्रेष्ठ रहेका थिए भने कार्यक्रम को सन्चालन युवा समाजसेबि एन के शरदले गरेका थिए ।

### मुकेश चौरसियाको आठ दिनपछि अन्त्येष्टि

वीरगञ्ज । पर्साको बिन्दवासिनी गाउँपालिकामा कार्तिक ६ गते भएको झडपमा ज्यान गुमाएका नेकपा पर्सा जिल्ला सदस्य मुकेश चौरसियाको अन्त्येष्टि गरिएको छ । चौरसियाको उनकै गाउँ बिन्दवासिनी गाउँपालिकाको बहुवर्वा टोलको समसान घाटमा अन्त्येष्टि गरिएको हो । चौरसियाको अन्त्येष्टिको क्रममा नेकपाका स्थायी समिति सदस्य मातृका यादवसहित पर्साका नेता कार्यकर्ताहरुले पार्टीको झण्डा ओढाएर श्रद्धाञ्जली दिएका थिए । कार्तिक ६ गते नेकपा बिन्दवासिनी गाउँपालिका समितिको सपथ ग्रहण कार्यक्रममा भएको झडपमा चौरसियाको टाउकोमा गम्भीर चोट लागेको थियो । उपचारका क्रममा उनको मृत्यु भएको थियो । उनी नेकपा गाउँपालिका समितिको सचिव चुनिएका थिए। उनको सुनियोजित तरिकाले हत्या गरिएको भन्दै उनका आफन्तले जाहेरी दिँदा पर्सा प्रहरीले जाहेरी दर्ता नगरेकोले परिवारसहित पार्टीले एक हप्तासम्म आन्दोलन गर्दै आएको थियो । एक हप्तापछि बिहीबार जिल्ला सरकारी वकिलको कार्यालयमार्फत संविधानसभा सदस्य राजकुमार गुप्तासहित १२ जनाविरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता भएपछि चौरसियाका आफन्तले शव बुझेर अन्त्येष्टि गर्न सहमत भएका थिए ।

### लागूऔषधसहित पक्राउ

कपिलवस्तु । कपिलवस्तु नगरपालिका-१० जगदिशपुर बस्ने २३ वर्षीय दिपु सिंहलाई ६१ ग्राम १ सय ८० मिलिग्रामअवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने खैरो पदार्थ सहित सोमबार राति प्रहरीले पक्राउ गरेको छ । यशोधरा गाउँपालिका-५ सुठौलीस्थित सुठौली भन्सार कार्यालय अगाडि जिल्ला प्रहरी कार्यालय कपिलवस्तुबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेको सिंहलाईजाँच गर्दा उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

### ब्राउनसुगरसहित पक्राउ

रुपन्देही । तिलोत्तमा नगरपालिका-१३ बाउन्नकोटीबाट ८ ग्राम ९ सय मिलीग्राम अवैध लागूऔषध ब्राउनसुगर सहित सोही नगरपालिका-१४ बस्ने ३५ वर्षीय बिनोद रानालाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय रुपन्देहीबाट खटिएको प्रहरीले उनलाई जाँच गर्दा उक्त ब्राउनसुगर सहित फेला पारी पक्राउ गरेको हो ।

### टिपरको ठक्करबाट बालकको मृत्यु

रुपन्देही । मायादेवी गाउँपालिका-८ बिश्वकर्मा मन्दिर नजिकै सडकमा लु.१ क ११७४ नम्बरको टिपरको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने सुग्रिम हरिजनको ८ वर्षीय छोरा रघुबिर हरिजनको सोमबार बिहान घट्नास्थलमै मृत्यु भएको छ । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### डुबेर बालिको मृत्यु

कपिलवस्तु । कपिलवस्तु नगरपालिका-४ बिरपुर बस्ने कमलेस नाउँको छोरी २ वर्षीया शितल नाउँको पानीमा डुबेर शनिबार मृत्यु भएको छ । आफ्नै घरको अगाडि भाँडा धुनको लागि राखेको पानीको बाल्टिनमा डुबेर उनको मृत्यु भएको हो ।

# स्वास्थ्य उपकरण तथा भेन्टिलेटर प्रदान



काठमाडौं । नेपाली सेनाका प्रधानसेनापति पूर्णचन्द्र थापाको निमन्त्रणामा तीनदिने नेपाल भ्रमणमा आएका भारतीय सेनाध्यक्ष जनरल मनोज मुकुन्द नरवणेले बिहीबार एक विशेष समारोहमा टुडिखेलस्थित सैनिकमञ्चमा रहेको वीर स्मारकमा (शहीद स्मारक) माल्यार्पण गरी शहीदहरुप्रति श्रद्धान्जली अर्पण गरेका छन् ।
तत्पश्चात उनी नेपाली सेनाको जंगी अड्डा पुगेका थिए जहाँ नेपाली सेनाको एक टुकुडीले उनको सम्मानमा सम्मानगारत अर्पण गरेको थियो । त्यसलगत्तै जनरल नरवणेले नेपाली समकक्षी प्रधानसेनापति पूर्णचन्द्र थापासँग भेटवार्ता गरे । सो भेटमा दुवै पक्षबीच दुई देशका सेनाबीचको सम्बन्ध तथा द्विपक्षीय रक्षा सहकार्य विस्तार गर्नेबारे छलफल भएको थियो । नेपाली सेनाका वरिष्ठ अधिकारीहरुले भारतीय सेनाप्रमुख नरवणे समक्ष ब्रिफिङ् पनि गरेका थिए ।
भारत सरकारको तर्फबाट जनरल नरवणेले नेपाली सेनाका दुई फिल्ड अस्पताललाई एक्स-रे मेसिन, कम्प्युटेड रेडियोग्राफी सिस्टम, आइसीयु भेन्टिलेटर, भिडियो इण्डोस्कोपी युनिट, एनेस्थेसीया मेसिन, ल्याबउपकरण, एम्बुलेन्स लगायतका स्वास्थ्य सामाग्रीहरु प्रदान गरेका थिए । कोभिड-१९ महामारी विरुद्धको लडाइमा अझ सघाउ पुऱ्याउन नेपाली सेनालाई थप भेन्टिलेटर पनि उपहारस्वरुप प्रदान गरिएको जनाइएको छ । यस अघि गत जुलाईमा भारतीय सेनाले नेपाली सेनालाई भेन्टिलेटर उपहारस्वरुप प्रदान गरेको थियो ।

# 'भारतीय सेना प्रमुखको नेपाल भ्रमण महत्वपूर्ण'

काठमाडौं । नेपाल र भारतका पूर्वराजदूत एवं विज्ञहरूले भारतीय स्थल सेनाध्यक्ष मनोजमुकुन्द नरभणेको नेपाल भ्रमण दुई देशबीचको सैनिक तथा अन्य सम्बन्धका लागि महत्वपूर्ण हुने बताएका छन् ।
भारतको मनोहर पारिकर इन्स्टिच्युट अफ डिफेन्स स्टडिज एन्ड एनालाइसिस (एमपी-आइडिएसए) तथा नेपालको एआइडिआइएद्वारा आयोजित सेमिनारमा नेपालका लागि पूर्वभारतीय राजदूत मञ्जीवसिंह पुरी र राकेश सुदले भारत-चीन सम्बन्धको बदलिँदो आयाम नेपालले बुझ्नुपर्नेमा जोड दिएका छन् ।
नेपालका लागि भारतीका पूर्व राजदूत राकेश सुदले चीन र भारतको सम्बन्धमा आएको आधारभूत परिवर्तनलाई नेपालले बुझ्नुपर्ने बताए । 'भारत-चीन सम्बन्धको आधारभूत परिवर्तनलाई नेपालले फिगर आउट गर्नुपर्छ । चीनको जनमुक्ति सेनासँग नेपालको सम्बन्धलाई पनि गम्भीरतापूर्वक हेर्नुपर्छ,' सुदले भने ।
पूर्वराजदूत मञ्जीवसिंह पुरीले नेपालमा तेस्रो पक्षको उपस्थितिले नेपाल र भारतबीचको निकट समन्वयमा कहिलेकाहीँ असर पर्ने गरेको टिप्पणी गरे । नेपालमा चीनको उदयले पनि नेपाल-भारत सम्बन्धलाई प्रभावित बनाएको पुरीको भनाइ थियो ।
पूर्वराजदूत शम्भुराम सिंखडाले नेपाल र चीनबीच सैन्य सम्बन्ध सुदृढ गर्नु अपरिहार्य रहेको बताए । भारतीय सेनाध्यक्षको भ्रमणले नेपाल र भारतबीच वार्ताका लागि कूटनीतिक र राजनीतिक तहमा ढोका खोल्न मद्दत गर्ने विश्वास व्यक्त गरे ।
नेपाल र भारतबीचको सैनिक सम्बन्ध सुदृढ गर्न गर्नुपर्ने उनको भनाइ थियो । नेपाली सेनाका पूर्वउपरथी विनोज बस्न्यातले कूटनीतिक र राजनीतिक सम्बन्ध अघि बढेको अवस्थामा मात्रै भारतीय सेनाध्यक्षको भ्रमण महत्वपूर्ण हुने तर्क गरे । नेपाली सेनाको आधुनिकीकरणका लागि भारतसँग छलफल गर्नुपर्ने बस्न्यातको सुझाव थियो ।
भारतीय सेनाका पूर्वरथी एवं नेपालका लागि पूर्वभारतीय सैनिक सहचारी शोकिन चौहानले नेपाली सेनाले मागेजति सामान भारतीय सेनाले दिँदै आएको बताए । नेपाल सधैं भारतको सुरक्षाका हिसाबले महत्वपूर्ण रहेको उनको भनाइ थियो । नेपालका कारण तिब्बतको सीमा रक्षा भएको पनि उनले टिप्पणी गरे ।
एमएआइडिएसएका रिसर्च फेलो डा. निहार नायकले नेपाल र भारतबीच ब्रिटिस कालभन्दा अघिदेखि सैनिक सम्बन्ध रहँदै आएको बताए । दुई सेनाबीच विशेष सम्बन्धको पुष्टि भएको नायकको भनाइ थियो । उनले स्थल सेनाध्यक्षको भ्रमण आपसी विश्वास आर्जनका लागि उपयोग हुने बताए । सेनाध्यक्षको भ्रमण नियमित रूपको रहेको पनि उनको भनाइ थियो । सुरक्षा मामिला जानकार गेजा शर्मा वाग्लेले नेपाल-भारत सम्बन्ध थप सुमधुर बनाउनुपर्ने बताए । उनले दुई देशबीच आपसी रक्षा सम्बन्ध थप सुदृढ हुनुपर्ने उनको भनाइ थियो ।

# नवलपुरमा भारतद्वारा निर्मित विद्यालय भवन उद्घाटन



काठमाडौं । भारतद्वारा नवलपुर जिल्लामा भिमसेन आदर्श उच्च माध्यमिक विद्यालय निर्माण नेपाल-भारत मैत्री विकास सहकार्य कार्यक्रम अन्तर्गत भारत सरकारको नेरु २.५८३ करोड आर्थिक सहयोगमा निर्माण भएको भिमसेन आदर्श उच्च माध्यमिक विद्यालयको नव निर्मित विद्यालय भवन उद्घाटन भएको छ । काठमाडौंस्थित भारतीय राजदूतावास, जिल्ला समन्वय समिति तथा विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि र स्थानीय प्रतिनिधि, विद्यार्थी एवम्विद्यालय परिवारद्वारा सोमबार संयुक्त रुपमा भिडियो कन्फरेन्समार्फत विद्यालय भवनको उद्घाटन गरिएको छ । नवलपुर जिल्लाको देवचुली-७ मा अवस्थित यस विद्यालयको स्थापना सन्१९६९ मा भएको हो र यहाँ कक्षा १२ सम्म अध्यापन गराइन्छ । यस विद्यालयमा अध्ययनरत विद्यार्थी मध्ये ५५ प्रतिशत भन्दा बढी छात्रा छन्। ३. भारत सरकारको आर्थिक सहयोगमा जिल्ला समन्वय समितिले कार्यान्वयन गरेको यस विद्यालय भवनमा १६ वटा कक्षा कोठा, प्रयोगशाला, प्रशासन तथा कर्मचारी कक्ष, बैठक कक्ष, चमेना गृह, औषधी कक्ष र सरसफाइ सुविधा रहेका छन् । साविकको साना विकास परियोजना र हाल उच्च प्रभाव सामुदायिक विकास परियोजनाअन्तर्गत निर्माण गरिएको यस विद्यालय भवन शिक्षाको क्षेत्रमा भारत र नेपालले गर्दै आएको सहकार्यको अर्को एउटा उदाहरण हो । यस परियोजनाले शिक्षाको क्षेत्रमा पूर्वाधार विकास गर्न नेपाल सरकारले गरेको प्रयासलाई थप बल पुऱ्याएको छ ।

# सीमा क्षेत्रमा १७७ बीओपी

काठमाडौं । नेपाल-भारत तथा नेपाल-चीन सीमा क्षेत्रमा सशस्त्र प्रहरी बलको सीमा सुरक्षा आउट पोष्ट (बीओपी) कार्यालयको सङ्ख्या १७७ पुगेको छ । अझै २२१ वटा बीओपी अत्यावश्यक रहेको सशस्त्र प्रहरीको भनाइ छ । यसका लागि सरकारको योजना कार्यान्वयनका लागि अझै १० हजार जनशक्ति अभाव रहेको सुरक्षा अधिकारीको दाबी छ । सीमा सुरक्षा पोष्ट ११ देखि १५ किलोमिटरको दूरीमा छन् । बीओपीको स्थापना देशको सीमा सुरक्षासँग जोडिएकाले प्रभावकारी परिचालन, उचित बन्दोबस्ती र स्थायी संरचनासँगै पर्याप्त जनशक्तिको आवश्यकता रहेको छ । सुरक्षा पोष्टको सङ्ख्या भने थप्ने क्रम जारी छ । नेपाल-चीन सीमा क्षेत्र सङ्खुवासभाको किमाथाङ्का र मुस्ताङको कोरोला नाकामा केही हप्ताअघि नयाँ 'बीओपी' स्थापना भएसँगै सशस्त्र प्रहरी सीमा सुरक्षा पोष्टको सङ्ख्या यति पुगेको हो । सीमा सुरक्षा पोष्टको स्थापनाले नेपालको सीमा अतिक्रमण रोक्न तथा अपराध गतिविधि नियन्त्रण गर्न र शान्तिसुरक्षा कायम राख्न सशस्त्र प्रहरीको उपस्थिति प्रभावकारी बन्दै गएको दाबी सुरक्षा अधिकारीको छ । सशस्त्र प्रहरी बलका अनुसार, १७७ मध्ये सातवटा नयाँ बीओपी चीन सीमा क्षेत्रसँग र बाँकी भारत सीमा नाका क्षेत्रमा रहेका छन् । सशस्त्र प्रहरी प्रवक्ता राजु अर्यालका अनुसार, बीओपीको सङ्ख्या पाँच सयसम्म पुऱ्याउने योजना छ । तीमध्ये कम्तीमा २२१ वटा स्थापना गरेमा सीमा क्षेत्रको धेरै समस्या समाधान हुन्छ । सीमा स्तम्भ र सीमा भूमि सुरक्षामा सहयोग पुग्नेछ ।

## आर्थिक समाचार

### हस्पिटलमा प्रभु बैंकको काउण्टर

काठमाडौं । कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १६ बाटुलेचौरस्थित मातृशिशु मितेरी हस्पिटलमा प्रभु बैंक लि. ले सोमबारदेखि आफ्नो एक्स्टेन्सन काउण्टर सञ्चालनमा ल्याएको छ । मातृशिशु मितेरी हस्पिटल परिसरमा गण्डकी प्रदेशका प्रदेशसभा सदस्य कृष्ण बहादुर थापाले एक समारोहका बीच प्रभु बैंक लि. मातृशिशु मितेरी हस्पिटल एक्स्टेन्सन काउण्टरको उद्घाटन गरेका थिए । मातृशिशु मितेरी हस्पिटलमा सञ्चालित प्रभु बैंक लि. को एक्स्टेन्सन काउण्टरबाट विहान ८:०० बजेदेखि साँझ ७:०० बजेसम्म उपचार तथा स्वास्थ्य सम्बन्धी कार्यको सिलसिलामा मातृशिशु मितेरी हस्पिटलमा आउने सम्पुर्ण सेवाग्राहीहरुलाई बैंकिङ्ग सेवा उपलब्ध हुने बैंकले जनाएको छ । उपचारको सिलसिलामा मातृशिशु मितेरी हस्पिटलमा आउने सेवाग्राहीहरुले बुझाउनु पर्ने जुनसुकै रकम विना झण्झट सरल एवं सहज रुपमा प्रभु बैंकको एक्स्टेन्सन काउण्टरमा जम्मा गर्नपाउने छन् । यस एक्स्टेन्सन काउण्टर सञ्चालन पश्चात् मातृशिशु हस्पिटलको आर्थिक क्रियाकलाप बैंकिङ्ग प्रणाली मार्फत् हुने भई प्रशासनिक सहजता प्राप्त हुनेछ भन्ने बैंकले विश्वास लिएको छ । साथै, समाजसेवी भावनाले सामाजिक क्रियाकलापहरुलाई निरन्तरता दिएको यस बैंकले स्वास्थ्य क्षेत्रसँग सम्बन्धित सेवाग्राहीहरुको सेवामा समेत उल्लेख्य योगदान पुऱ्याउने प्रण बैंकले गरेको नायब प्रमुख कार्यकारी अधिकृत मणिराम पोखरेलले जनाएका छन् ।

### दुई नयाँ शाखारहित बैंकिङ्ग सेवा शुरुवात

काठमाडौं । ग्लोबल आइएमई बैंकले भोजपुरको झ्याउपोखरी र धनुषाको हाथमुण्डामा नयाँ शाखारहित बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएको छ । थप २ वटा शाखारहित बैंकिङ्ग सेवा संचालनमा आएसँगै बैंकको शाखारहित बैंकिङ्ग सेवा संख्या २३१ पुगेको छ । बैंकले भोजपुरको जिल्लाको सदानन्द गाँउपालिका वडा नं. ११, झ्याउपोखरीमा खोलिएको शाखारहित बैंकिङ्ग सेवाको प्रतिनिधिको रुपमा इंदिरा घले र धनुषा जिल्लाको कमला नगरपालिका वडा नं. ७, हाथमुण्डामा खोलिएको शाखारहित बैंकिङ्ग सेवाको प्रतिनिधिको रुपमा धर्मेन्द्र कुमार महतोलाई नियुक्त गरेको छ । शाखारहित बैंकिङ्ग सेवाबाट देशका विभिन्न ग्रामीण क्षेत्रका स्थानिय बासिन्दाले स्थानिय प्रतिनिधि मार्फत बैंकिङ्ग सेवा लिन सक्नेछन् । यसबाट निक्षेप खाता खोल्ने, तोकिएको सीमा सम्मको रकम जम्मा गर्ने तथा झिक्ने, आफ्नो खातामा रहेको मौज्दातको जानकारी लिने, कर्जाको व्याज भुक्तानी गर्ने, DISH HOME/CDMA/UTL/NTC को महसुल भुक्तानी गर्ने, मोबाइल रिचार्ज गर्ने लगायतका सेवा लिन सक्नेछन् ।

# मधेशी दलितमाथि अत्याचार

सर्लाही । कुटपिटबाट गम्भीर घाइते भएर उपचारको क्रममा मृत्यु भएका मधेशी दलितको एक महिना बितिसक्दा पनि दाहसंस्कार हुन सकेको छैन । सर्लाही रामनगर गाउँपालिका-७, सिसौटका ६५ वर्षीय महेन्द्र रामको शव अहिलेपनि नारायणी उपक्षेत्रीय अस्पताल वीरगंजमै राखिएको छ तर उनको अन्तिम संस्कार गर्न स्थानीय प्रशासनले चासो नै लिएको छैन । महेन्द्र राममाथि कुटपिट गर्नेहरुलाई कानूनी दायरामा ल्याउन माग गर्दा स्थानीय प्रहरीले वेवास्ता गरेको कांग्रेस नेताहरुको दाबी छ । राममाथि कुटपिट गर्नेहरुविरुद्ध किटानी जाहेरी दिए पनि हालसम्म सत्ताधारी दल नेकपाका नेताहरुको इसारामा प्रहरीले समाधान गर्न आनाकानी गरेको नेपाली काँग्रेसका प्रदेश सांसद् वीरेन्द्रप्रसाद सिंहको आरोप छ । पहिले किटानी जाहेरी दिन जाँदा झडपमा मृतकका भाई, श्रीमती एवम् आधा दर्जन महिलासहित दुई दर्जन नेता कार्यकर्तालाई घाइते भएका थिए । आफन्तले शव घर ल्याउँदै गर्दा प्रहरीले खोसेर लगेको कांग्रेस नेता एवं प्रदेश सांसद् उपेन्द्रप्रसाद कुशवाहाले जानकारी दिए । कात्तिक २८ गते नेपाली कांग्रेस सर्लाहीको आयोजनामा जिल्ला प्रहरी कार्यालय मलंगवा घेराउ गर्ने क्रममा झडप हुँदा नेपाल प्रहरीका दुईजना डिएसपीसहित २२ तथा सशस्त्र प्रहरीका १० जना सुरक्षाकर्मी सामान्य घाइते भएका थिए । त्यस्तै प्रहरीले प्रहार गरेको लाठी र अश्रुग्याँसबाट आफ्ना दुईदर्जन नेता कार्यकर्ता घाईते भएको कांग्रेसले जनाएको छ । प्रहरीको लाठी प्रहारबाट दुई महिलाको हात तथा एक महिलाको खुट्टा समेत भाँच्चिएको कांग्रेसले जनाएको छ । कांग्रेसका अनुसार अन्य डेढ दर्जन नेता कार्यकर्ताहरुको टाउको, हात लगायत शरिरका विभिन्न भागमा चोटपटक लागेको छ । उता सर्लाही प्रहरी प्रमुख सन्तोषसिंह राठौरले किटानी जाहेरी लिने काम भएको र फरार अपराधीलाई खोजी भइरहेको जानकारी दिए ।






# प्रतिगमनतर्फ...

उनले विज्ञप्तिमा भनेका छन्, 'संघीय लोकतान्त्रिक गणतन्त्रनेपालको संविधानको प्रस्तावनामा संघीय लोकतान्त्रिक गतन्त्रात्मक शासन व्यवसथा उल्लेख गरिएको छ । त्यसैगरी संविधानको धारा ४ नेपाल राज्य: (१) नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न..... सङ्घीय लोकतान्त्रिक गतन्त्रात्मक राज्य हो भनि लेखिएको छ ।'
तर नेपाल सरकार, मन्त्रिपरिषद् बैठकले असोज ११ गते गरेको निर्णय अनुसार निर्णय कार्यान्वयन सम्बन्धमा कार्तिक ४ गते जारी गरिएको सरकारको निर्देशनमा "सङ्घीय लोकतान्त्रिक गणतन्त्र, नेपाल" र अंग्रेजीमा "फेडेरल डेमोक्रेटिक रिपब्लिक अफ नेपाल" नलेख्नु भनि आदेश जारी गरेको छ ।
सरकारको उक्त निर्णय, निर्देशन र आदेश असंवैधानिक हुनका साथै जनताले सङ्घर्ष, त्याग र बलिदानद्वरा प्राप्त गरेका संघीय प्रणाली, समावेशिता, लोकतान्त्रिक गणतन्त्रकै विरूद्धमा रहेको दाबी अध्यक्ष यादवले गरेका छन् ।
अत: यो लोकतान्त्रिक गणतन्त्र, संघीय प्रणली र समाबेशी लोकतन्त्रलाई नै धरापमा पारी मुलुकलाई निरङकुशतातर्फ अर्थात प्रतिगमन तर्फ लैजाने षड्यन्त्र गरिएको हो कि ? भन्ने प्रश्न उनले गरेका छन् ।

# संघीय...

संसदीय मामिला मन्त्रालय र राष्ट्रपतिको कार्यालयलाई विपक्षी बनाइएको छ । त्यस्तै, अर्को रिटमा प्रहरी प्रधान कार्यालयले कात्तिक ३० गते जनपद प्रहरी जवानको भर्नाका लागि गरेको पदपूर्ति विज्ञापन बदर गर्न माग गरिएको छ ।
खुला र समावेशी गरि ५ हजार २ सय २७ जना प्रहरी जवानको लागि गरिएको विज्ञापन नेपाल प्रहरी र प्रदेश प्रहरी कार्यसञ्चालन,सुपरिवेक्षण र समन्वय) ऐन, ०७६ विपरित प्रदेशको अधिकार क्षेत्रभित्र अनधिकृत हस्तक्षेप भएको रिटमा जिकिर गरिएको छ । प्रदेश २ सरकारले प्रदेश प्रहरी ऐन, २०७५ पुष १५ गतेदेखि जारी गरिसकेको भन्दै प्रहरी जवानका लागि गरिएको विज्ञापन संविधान तथा कानुनविरुद्ध रहेको दाबी गरिएको छ ।
प्रहरी जवानका लागि खोलिएको भर्नाका बारेमा गृह मन्त्रालयलाई जानकारी गराइसकेको बताउँदै प्रदेश सरकारले सो विज्ञापन बदर गर्न पनि माग गरेको छ । प्रहरी समायोजन प्रक्रिया टुंगिसकेपछि मात्र विज्ञापन खोल्नुपर्ने प्रदेश सरकारको माग छ ।
रिटमा प्रहरी प्रधान कार्यालय, गृह मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाइएको छ । सो रिट कात्तिक २६ गतेका लागि पेशी तोकिएको छ ।






**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं